# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक "**बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको अध्ययन**" रहेको छ ।

## १.२ शोधार्थीको नाम

लोकराज जोशी

## १.३ शोधको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली स्नातकोत्तर तह कार्यक्रम नेपाली विभागमा एम.ए. दसौँ पत्रको (लोकसाहित्य अध्ययनपत्र) प्रयोजनका लागि गरिएको छ ।

## १.४ विषय परिचय

नेपाली लोकसाहित्यको लोकप्रिय र महत्वपूर्ण विधा लोकगीत अन्तर्गतको एउटा महत्वपूर्ण शाखा देउडा गीत पश्चिम नेपालको लोकप्रिय विधा हो । सदियौँदेखि बाजुरेली जनजिब्रोमा झुन्डिदै आएको देउडा गीत यस क्षेत्रको लोकजीवनमा पूर्णत : भिजेको गीत र नाच हो । देउडा गीतका भाका र भावले जातिय एकता र सांस्कृतिक परम्परालाई चिनाएर राष्ट्रिय जागरण ल्याउने काममा पनि निकै सघाउ पुऱ्याउनेछन् भन्ने विश्वास गर्न सकिन्छ ।

देउडा गीतमा जनताका आँसु हाँसो वेदना पीडा लुकेका हुन्छन् । देउडा मनका भाव व्यक्त गर्ने माध्यम मात्र नभई सामूहिक पहिचान दर्शाउने माध्यम पनि हो । डेढ पाइला (स्टेप) मा चालिने भएकाले देउडा भनिन्छ भने टेडो, बाङ्गो वा छड्के सामूहिक रूपमा देउडा खेल्दा पादपङ्क्ति देउडी पर्ने हुनाले यसलाई देउडा खेल भनिएको हो । आजभोलि पादतलमा आवद्ध भई सामूहिक गायन प्रक्रियालाई देउडा खेल्नु भनिन्छ भने खुट्टा नचलाएर गायन प्रक्रियालाई देउडा गाउनु भनिन्छ । देउडा गीत सामूहिक तथा एकल र अभिनय सहित वा अभिनय रहित ढङ्गले गर्न सकिन्छ । सामूहिक रूपमा देउडा खेल्दा खेलाडीहरू दुई पक्षमा विभक्त हुन्छन् र दुबै पक्षतिर एक एक जना गीतेरु (

खेलाउडो) ले तत्काल गीत सिर्जना गरी भन्ने गर्दछन् । तिनीहरूका बीच गीतिमय संवाद हुँदै भलाकुसारीका साथ वादविवाद चल्दछ जसमा आफ्ना गहकिला र मर्मस्पर्शी अभिव्यक्तिद्वारा एकअर्कालाई परास्त गर्ने, अभिप्राय राखेर गाली गलौच तथा पुराना कलङ्क कोट्याउने काम पनि हुन्छ । देउडा गीतमा मार्मिकता, प्रसङ्गानुसारिता, अन्त्यानुप्रास र लयसमेत मिलाउनुपर्ने र तत्काल भन्नुपर्ने हुँदा यी देउडा भन्ने व्यक्तिलाई आँशुकविको उपाधी दिनु सान्दर्भिक देखिन्छ ।

यी देउडा गीतको क्षेत्र भेरी, कर्णाली, सेती, महाकालीको भूभागसम्म फैलिएको भए तापनि प्रस्तुत शोधपत्रमा बाजुरा जिल्ला कुण्डा क्षेत्रमा पर्ने आठ गा.वि.स. को क्षेत्रलाई आधार मानी अध्ययन गरिएको छ ।

## १.५ समस्याकथन

लोकगीतको महत्वपूर्ण विधाको रूपमा रहेको देउडा गीतको भाषिक तथा लोकसाहित्यमा महत्वपूर्ण स्थान ओगटेको छ । तापनि यसको व्यापक रूपमा अध्ययन विश्लेषण र वर्गीकरण पाइँदैन । बाजुराको कुण्डा क्षेत्रमा देउडा गीतले पनि लोकसाहित्यको भण्डारलाई समृद्धशाली बनाउन उल्लेखनीय भूमिका खेलेको छ तर यी गीतहरूको आजसम्म खोजी र अध्ययन हुन सकेको छैन । त्यसैले यो शोधपत्रमा निम्नलिखित समस्याको केन्द्रमा रहेर शोधकार्य गरिएको छ ।

(क) बाजुरा कुण्डा क्षेत्रमा के कस्ता देउडा गीत प्रचलित छन् ?

(ख) बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

(ग) बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको के कस्तो विशेषता र महत्व रहेको छ ?

## १.६ शोधकार्यको उद्देश्य

यस शोधकार्यको प्रमुख उद्देश्य बाजुराकुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको बारेमा केन्द्रित रहेर निम्नलिखित उद्देश्य पूर्तिका लागि यो शोधपत्र केन्द्रित रहेको छ ।

(क) बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतहरूको सङ्कलन गर्नु ।

(ख) प्रचलित देउडा गीतलाई विश्लेषण गरेर देखाउनु ।

(ग) बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको विषयवस्तु, प्रस्तुतीकरण, भाव, भाषाशैली, लय, भाका आदिका आधारमा वर्गीकरण गर्नु ।

## १.७ पूर्वकार्यका समीक्षा

बाजुरा कुण्डा क्षेत्रमा प्रचलित गीतहरूको अध्ययन र सङ्कलन कार्य हालसम्म कसैबाट पनि भएको पाइँदैन । केही पत्रपत्रिका पुस्तकार कृति र क्यासेट एल्बमहरूमा देउडा गीतका बारेमा सामान्य चर्चा भएपनि उद्देश्यमुलक रूपमा कुण्डा क्षेत्र विशेषलाई मात्र लिएर यसको अध्ययन अनुसन्धान भएको पाइँदैन । बाजुरा जिल्लाका प्रचलित देउडा गीतको अध्ययनको क्रममा यस क्षेत्र बाहेकमा प्रचलित देउडा गीत सम्बन्धी अध्ययनका क्रममा ती सामग्रीहरूको प्रयोग पनि सहयोग सिद्ध भएको छ । ती सामाग्रीको चर्चा क्रमश : गरिएको  छ । जनकविकेशरी धर्मराज थापाले मेरो नेपाल भ्रमण, 'हाम्रा लोकगीत' जस्ता कृतिका माध्यमबाट देउडा गीतलाई देवताको खेल भनेका छन् । यसैगरी कृष्णलाल श्रेष्ठ, कर्णाली लोकसंस्कृति (काठमाडौँ, साझा प्रकाशन) २०२८ पुस्तकमा श्रेष्ठले कर्णाली प्रदेशको जनजीवन, बोलीचाली, रहनसहन, भेषभूषाका बारेमा उल्लेख गरेका छन् । प्रदिप रिमालको कर्णाली लोकसंस्कृति -काठमाडौँ, साझा प्रकाशन) २०२८ कृतिमा कर्णाली क्षेत्रको साहित्य, संगीत र कलाका बारेमा उल्लेख गरिएको छ ।  उक्त पुस्तकमा सिङ्गो कर्णाली अञ्चलको लोकसंस्कृति अभिव्यक्त भएको छ । देवकान्त पन्त, डोटेली लोकसाहित्य (काठमाडौँ, नेपाल र एशियाली अध्ययन संस्थापन) २०३२ पुस्तकमा देउडा गीतलाई स्थानीय संस्कृतिको ध्वन्यात्मक रूपमा भन्दै देउडा गीत जुनसुकैले रचना गर्न सक्ने, गाउन सक्ने प्रेम र प्रकृति सम्बन्धीको गीत भनेर उल्लेख गरेका छन् । पूर्णप्रकाश नेपाल यात्री, भेरी लोकसाहित्य (काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी) २०४१ ।

प्रस्तुत पुस्तकमा यात्रीले देउडा गीतको बारेमा उल्लेख गर्दै यी गीतले सम्पूर्ण जनमानसको मुटु छाएको छ । देउडा व्यङ्ग्य विनोद, मनोविनोद, आमोद-प्रमोद, प्रीति प्रणयको भूमिका, सांस्कृतिक गुण, साहित्यिक अभिव्यक्ति, ऐतिहासिकता, सामाजिक पक्ष जस्ता गुणहरू पाइन्छन् भनेका छन् ।

कृष्ण पराजुली, नेपाली लोकगीतको आलोक (काठमाडौँ, वीणा प्रकाशन प्रा.लि., २०५७)

प्रस्तुत पुस्तकमा पराजुलीले देउडा गीत लोग्ने मान्छे र स्वास्नी मान्छेका छुट्टाछुट्टै र केटाकेटीका पनि हुन्छन् भनेका छन् । देउडा खेल्दा मानिसहरू गोलाकार घेरा बनाई अगाडि र पछाडि सर्दै चालमा चाल, तालमा ताल र लयमा लय मिलाउँदै शरीर लच्काएर गीत गाउँछन्, घुम्छन् अलि पालैसित नाच्छन् । चुडामणि बन्धु, देउडा नेपाली लोकसाहित्य (काठमाडौँ, एकता बुक्स), २०५८ । प्रस्तुत पुस्तकमा बन्धुले देउडा नेपालका पश्चिमी पहाडी क्षेत्रमा अति लोकप्रिय

नृत्य गीत हो भनेका छन् । त्यहाँ देउडा नृत्य र देउडा गीत दुबै प्रचलित छन् । नृत्यमा मानिसहरू कुममा कुम जोडेर र हात जोल्ट्याएर खेल खेल्दछन् ।

गोविन्दप्रसाद पाण्डे, देउडा विगतदेखि वर्तमानसम्म (काठमाडौं, गोविन्दप्रसाद पाण्डे, २०६०)

यस कृतिमा देउडाको विविध चर्चा गरिएको छ तर क्षेत्रीय आधारमा कुण्डा क्षेत्रको बारेमा वर्णन गरेको नपाइएपनि उक्त कृति यस शोधकार्यको लागि महत्वपूर्ण सामग्री भएको छ । ( नारायणप्रसाद तिमिल्सेना देउडा लोकगीत एक विवेचना गरिमा वर्ष २३, अङ्क ६, मिति २०६२, पूर्णाङ्क २७०)

प्रस्तुत पत्रिकामा तिमिल्सेनाले देउडा बँसी घुमाउरोपन हुने भएकाले यसलाई देउडा भनिएको हो भनेका छन् ।

बाजुरा जिल्लामा बहुप्रचलित देउडा गीतको गीति एल्बमका माध्यमबाट व्यक्तिले देउडा गीत सङ्कलन गर्ने काम गरेका छन् । गायकहरू सङ्कलन गरेर गीति एल्बम निकाल्ने कार्य भए पनि देउडा गीतका विविध पक्ष र विशेषतामाथि प्रकाश पार्न नसकेको हुँदा सो अपूर्णतालाई पूरा गर्ने लक्ष्य यस शोधकार्यको रहेको छ । बाजुरा जिल्ला कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण सीमाभित्र रही यो शोधकार्य गरिनेछ ।

## १.८ शोधकार्यको औचित्य

बाजुरा जिल्लामा प्रचलित लोकगीतहरूको हालसम्म कसैबाट पनि व्यवस्थित अध्ययन हुन सकेको छैन । अतः देउडा गीतहरूलाई सङ्कलन र विश्लेषण गर्दै यसका उपादेयतामाथि प्रकाश पार्नु यस शोधकार्यको औचित्य रहेको छ साथै बाजुरा जिल्लाको लोकगीतका बारेमा र चाडपर्व, संस्कारका बारेमा अध्ययन गर्न चाहने व्यक्तिलाई यो शोधकार्य सहयोगी सामग्री स्थापित हुन सकेको छ ।

## १.९. शोधकार्यको क्षेत्र, सीमा

यस शोधकार्यको क्षेत्र, सीमा निम्नानुसार रहेको छ ।

(क) यस शोधपत्रले सेती अञ्चल, बाजुरा जिल्लाको प्रतिनिधित्व गरेतापनि विशेषगरी बाजुरा जिल्लाका पूर्वी भेगमा अवस्थित पाण्डुसैन, कोटिला, कोल्टी, बाँधु, रुगिन, विछ्याँ, जगनाथ, गोत्री ८ गा.वि.स.हरूलाई यसको क्षेत्र र सीमाभित्र राखेको छ । यसलाई प्राचीन मान्यता अनुसार समष्टिमा कुण्डा क्षेत्र मानिएको छ ।

(ख) कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको स्थलगत रूपमा सङ्कलन गर्दा यस प्रचलित नेपाली तथा खस भाषाका देउडा गीतलाई मात्र यस भित्र सङ्कलन गरिनेछ ।

(ग) सङ्कलित गीतहरू स्थानीय भाषामै रहेको छन् । वर्गीकरण र विश्लेषणमा यहाँको जनजीवनलाई मुख्य आधार मानेर गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा निम्न विधिको अवलम्वन गरिएको छ ।

### (क) क्षेत्रीय अध्ययन पद्धति

यस अध्ययन विधि अनुसार बाजुरा कुण्डा क्षेत्रका विभिन्न सम्भाव्य स्थलहरूमा पुगेर यहाँका स्थानीय मेला, उत्सव, पर्वजस्ता कार्यक्रममा प्रत्यक्ष सहभागी बुढापाका, बुद्धिजीवि र देउडा गायकसँग लिखित रूपमा गीत सङ्कलन, टेप रेकर्डिङ्ग, विधिको प्रयोग गरिएको छ ।

### (ख) पुस्तकालयीय विधि

यस शोधकार्यमा देउडा गीतको सङ्कलन, अध्ययन, वर्गीकरण र विश्लेषण गरिएका सामग्रीहरूको पुस्तकालयीय अध्ययन गरिएको छ ।

## ९. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार परिच्छेदमा तयार पारिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : बाजुरा जिल्ला र कुण्डा क्षेत्रको सामान्य परिचय

तेस्रो परिच्छेद : देउडा गीतको सैद्धान्तिक परिचय

चौथो परिच्छेद : बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको वर्गीकरण र विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार र सन्दर्भसामग्रीसूची

# दोस्रो परिच्छेद
# बाजुरा जिल्ला कुण्डा क्षेत्रको सामान्य परिचय

## २.१ सामान्य परिचय

नेपाल एशिया महादेश अन्तर्गत दक्षिणी क्षेत्रमा पर्ने देश हो । विश्व मानचित्रमा हेर्दा नेपाल सानो मुलुकमा रूपमा देखिए तापनि प्राकृतिक सम्पदा र सुन्दरताले सम्पन्न मुलुक हो । नेपालको प्रशासनिक विभाजन ५ विकास क्षेत्र १४ अञ्चल र ७५ जिल्लामा गरिएको छ । सुदुरपश्चिममाञ्चल विकाश क्षेत्रमा सेती अंचलका ५ वटा जिल्लाहरू मध्ये बाजुरा पनि एक हो । मानव सभ्यताको नजरबाट निकै टाढा रहेको विकट पहाडी जिल्ला बाजुरा मानवीय सुचाङ्कको ७४ औं स्थानमा पर्दछ । श्रोत साधनका हिसाबले २३ औं स्थानमा पर्दछ । २७ वटा गा.वि.स. र २४३ वडा रहेको बाजुरा जिल्लाको कुल जनसंख्या २०५८ को जनगणना अनुसार १ लाख ८ हजार ७ सय ८१ रहेको छ । जसमा महिला ५४९४७ पुरुष ५३८३४ रहेको छ ।[1] सुदुरपश्चिमको नौ वटा जिल्लाहरू मध्ये १ मात्र सडक यातायात नपुगेको बाजुरा जिल्ला विकासका दृष्टिकोणबाट पछाडी परेतापनि यहाँ रहेको प्राकृतिक श्रोत र साधनलाई सदुपयोगमा ल्याउन सके जिल्लाको राष्ट्रिय सम्पत्तिमा टेवा पुर्‍याउनुका साथै जिल्लाको सर्वाङ्गीण विकासमा निकै सहयोग मिल्ने अनुमान सहजै गर्न सकिन्छ ।

## २.२ नामाकरण

बाजुरा जिल्लाको नाम कसरी रहन गयो भन्ने बारेमा खासै कुनै अनुसन्धान हुन सकेको छैन तथापि अलिआएको किवदन्ति अनुसार, हालको बाजुरा जिल्ला पहिले जुम्लाका शासकका प्रतिनिधिहरूले हालको बाजुरा जिल्लामा पनि एक सहायक दरबार बनाएर बस्ने गर्दथे र तत्कालीन सिंजा ( जुम्ला) दरबारको आदेश अनुसार शासन चलाउँथे । बाजुरा जिल्ला बाज चराको लागि प्रसिद्ध ठाउँ मानिन्थ्यो र सिँजा दरबारको आदेश अनुसार बाजुरा राज्य बाज चारालाई पक्रेर जुम्ला पठाइन्थ्यो । भाले बाजलाई शाही बाज र पोथी बाजलाई झुर्रा बाज भनिन्थ्यो । सिंजा दरबारबाट प्राप्त आदेशको पालना गर्दै बाज पकड्न पासो थापियो । पासोमा शाही बाज (भाले ) नपरी झुर्रा (पोथी ) बाज परेछ र शाही बाज पासोमा पार्नसकिएको खबर सहित पोथी बाजलाई सिंजा दरबार पठाइएछ ।[2] राजाले शाही बाजको चाहना गरेका तर झुर्रा बाज प्राप्त भएकाले यस ठाउँको नाम झुर्रा बाज (पोथी

---

१. जि.वि.स. (२०६६), बाजुरा जिल्ला एक चिनारी ।
२. ऐजन् ।

बाज) को नामबाट झुर्राबाज राखिएछ । यसलाई उल्टोबाट बार्झुराकोट भन्न थालियो । त्यहि बार्झुराकोट पछि अपभ्रंश हुदे बाजुरीकोट भयो । त्यही बाजुरी कोटको नामबाट बाजुरा रहन गएको हो । अर्को जानकारी अनुसार बार्जुगाड भन्ने नदी पनि यहाँ रहेकाले यस नदीको नामबाट बाजुरा जिल्लाको नाम रहन गएको हो भन्ने विश्वास पनि गर्न सकिन्छ ।

## २.३ भौगोलिक तथा प्राकृतिक अवस्था

बाजुरा जिल्ला नेपाल अधिराज्यको सु.प. विकाश क्षेत्रको सेती अंचलमा पर्दछ । समुद्र सतहदेखि ७३६ मि . देखि ७०३६ मि. उचाई सम्म उचाईमा रहेको छ । राजनैतिक विभाजन अनुसार १ निर्वाचन क्षेत्र २७ गा.वि.स. मा विभाजित यस जिल्लाको पूर्वमा मुगु र कालिकोट जिल्ला, पश्चिममा बझाङ, उत्तरमा हुम्ला र दक्षिणमा अछाम जिल्ला पर्दछन् । उत्तरतिर अग्ला अग्ला बाह्रैमहिना हिउ जमिरहने हिमाल र तल पहाड, खोँच पाखा, पखेरा, भीर तथा केही स्थानहरूमा समथर भुभाग रहेको छ । भौगोलिक मापन अनुसार हेर्दा यो जिल्ला २९ डिग्री ८ मिनेट उत्तर २९ डिग्री २७ मिनेट सम्म अक्षांस र ८० डिग्री मिनेट पूर्वदेखि ८१ डिग्री २९ मिनेट देशान्तर भित्र पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २१८८ वर्ग कि.मी. रहेको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस जिल्लामा सरकारी स्तरबाट पहल नभएका विकासका अनेकौं सम्भावनाहरू रहेको छन् । यस जिल्लामा नदीहरू साथै खोला नालाहरूले काटेर बनाएका भुभाग र फाटहरू पनि छन् । घना जंगल, विभिन्न किसिमका चराचुरुङ्गी, वन्यजन्तुहरू रहेकाले पनि बाजुरा जिल्ला महत्वपूर्ण जिल्लाका रूपमा लिइन्छ । प्रसिद्ध तीर्थस्थल बडीमालिका, बुढीतन्द, खप्तड आदि अनेकौ धाम तथा पर्यटन क्षेत्र रहेका छन् । बडीमालीका, बुढीनन्दा, छेडेदह, शैपाल हिमाल, खप्तड राष्ट्रिय निकुञ्ज, खप्तड ताल, नाटेश्वरी, चन्द्रनाथ मन्दिर, ठाकुर जगनाथ मन्दिर, पादुका कर्णाली, तलिगोठी कैलाश, छाप्रेपाटन इत्यादी यस जिल्लाका महत्वपूर्ण धार्मिकस्थलहरू हुन् भने बडिमालिका क्षेत्र, त्रिवेणी, वाइसपाटन, छाप्रेपाटन, धौलीबगर निझार ताल, कैलाश ताल, लङ्कारी दह, गाभे दह इत्यादी झरना, तालहरू महत्वपूर्ण मनोरम दृश्यहरू हुन् । कर्णाली नदी, बुढीगंगा बइडीखोला, बार्जुगाड, कवाडी, भौनेरा, जुड्डी आदि यस जिल्लाका प्रसिद्ध नदी खोलानालाहरू हुन् । गाई, भैसी, घोडा, भेडा, बाखा पालन गर्नु यहाँका मानिसहरूको पेशा रहेको छ । आर्थिक दृष्टिकोणले पछाडी परेको यस जिल्लामा परम्परित र अवैज्ञानिक कृषिमा निर्भर रहेर धान, गहुँ, कोदो मकै,फापर, आलु, भटमास, जौ जस्ता वालीनालीहरूका साथै स्याउ, सुन्तला मेवा, अम्बा, केरा इत्यादी फलफूलहरू लगाइन्छन् । नेपालगन्जबाट उड्ने हवाइजहाज यस जिल्लाको एकमात्र यातायातको साधन हो जो

मार्ग गरिबीको पहुँच भन्दा धेरै टाढाको विषय बनेका छ । औद्योगिक दृष्टिकोणबाट वैज्ञानिक नितिले अनुसन्धान गरेमा, तामा, फलाम, गन्धक, नुन, कोइला, मट्टितेल खरीढुङ्गा जस्ता खनिज सम्पदा रहेको अनुमान भएपनि भुगर्भमा नै लुकेर बसेका छन् ।

## २.४ सामाजिक अवस्था

कुनै पनि समाजमा विभिन्न जातजातिका मानिसहरू रहेका हुन्छन् र उनका आ-आफ्नै किसिमका संस्कारहरू रहेका हुन्छन् । फरक फरक जाति र संस्कार भए पनि मानव एउटा सामाजिक प्राणी भएकोले एक आपसमा आवद्ध भइरहेका हुन्छन् । यस जिल्लाको सामाजिक तथा सांस्कृतिक धरोहरू आ आफ्नै प्रकारको छ । परापूर्वकालदेखि नै यस जिल्लाका मानिसहरूले संस्कृतिलाई असाध्यै मान्ने गरेको पाइन्छ ।विभिन्न चाडपर्व, मेला उत्सव, धार्मिक कृयाकलाप र मानवसंस्कार सम्पन्न गर्ने क्रममा यहाका मानिसहरू समाजमा भेला हुन्छन् । तर पहाडी जिल्ला र भौगोलिक विकटताको कारणले यहाँको समाज बसाइको हिसाबले छरिएर रहेको छ । यस जिल्लामा बसोबास गर्ने  जातजातिका आधारमा भन्नुपर्दा क्षेत्री जातिको बाहुल्यता देखिन्छ । यसैगरी ब्राह्मण, दलित, आदि जातजातिका मानिसहरू यस जिल्लामा बसोबास गर्दछन् । यस जिल्लाका बहुसंख्यक मानिसहरूको बोल्ने भाषा नेपाली माषाको ओरपश्चिमा भाषा हो ।

धर्मका आधारमा हेर्दा हिन्दू धर्म बाहेक बुद्ध र मुस्लिम धर्म मान्ने मानिसहरू पनि रहेका छन् । यस समाजका मानिसहरू धर्मप्रति ठूलो आस्था राख्दछन् । यहाँ विभिन्न किसिमका ब्रतबन्ध विवाह, दान, यज्ञ, मन्दिर, पूजा धार्मिक संस्कारहरू परम्परा देखि नै चल्दै आएको पाइन्छ ।

हिन्दू र बौद्ध धर्मावलीहरूले परम्परादेखि नै विभिन्न राष्ट्रिय तथा स्थानीय चाड पर्वहरू पनाउदै आएका छन् । यस जिल्लाका मुख्य चाडपर्वहरूमा दशै, तिहार, वैशाख पूर्णी, विसु, माघे सक्राँन्ती, अनन्ते, भैलो, साउन पुर्णीमा, भुवो, खौँ, चौधसी, गौरापर्व आदि हुन् यस जिलामा दुख पर्दा, विरामी पर्दा कृषि पशुपालनमा समस्या आउँदा र खडेरी पर्दाका अवस्थामा धामी, झाँक्री लामाप्रति पूर्ण विश्वास गरी उनीहरूमार्फत सबै समस्याहरू समाधान गर्ने प्रयास गरिन्छ । यस जिल्लाको विविधतापूर्ण हावापानी र सामाजिक वातारणले मानिसको रहन सहन र भेषभूषामा पनि फरक पारेको छ । उत्तरी भेगमा अवस्थित गाउँहरूमा जाडोको प्रकोप धेरै हुने भएकाले बौद्ध परम्परा अनुसार जाडो थेग्न बख्खु पाखाको सुरुवाल पटुका दोचा लगाउँछन् । अन्यभागातिर हिन्दू धर्मावलम्बीहरूले नेपाली पोशाक, दौरा सुरुवाल, कोट, टोपी पुरुषले र धोती, गाबुन, चोलो, पाउरो, आदि लगाउने प्रचलन छ । आजभोली पुरुषहरूले साडी, ब्लाउज, कुर्ता सुरुवाल लगाउँछन् ।

महिलाहरूले परम्परागत चलन चल्तीका गरगहना पोते, चाँदीका माला, ( चौबन्दी) हातमा बाला, मुगा, फूली, मुन्द्री, नुथुन, औठी, जाले, कपुन्नेको माला आदि लगाउने चलन रहेको छ । प्रकृति र संस्कृतिको विविधताले भरिपूर्ण यस जिल्लाका अधिकांश मानिसहरू आर्थिक, सामाजिक र शैक्षिक विपन्नताले ग्रस्त रहेका छन् । भौगोलिक विकटताको पीडासँगै कुसंस्कार, अशिक्षा, अन्धविश्वास, कुरिती र जातिय विभेदका अवशेषहरू पनि यहाँ प्रशस्तै छन् ।

## २.५ शैक्षिक अवस्था

नेपालमा औपचारिक शिक्षाका सुरुवात वि. सं. १९१० देखि भएता पनि बाजुरा जिल्लामा शिक्षाको विकास वि. सं. २००७ साल पश्चात मात्रै शुरु भएको पाइन्छ । नेपालको दुर्गम  क्षेत्रमा रहेको बाजुरा जिल्लाको शैक्षिक अवस्था अन्य राजधानी र तराईको जिल्लाको दाँजोमा धेरै पछाडी छ ।

२०५८ को जनगणना अनुसार यस जिल्लाको साक्षरता प्रतिशत ५५.५८ रहेको छ । जसमध्ये पुरुषको साक्षरता प्रतिशत ४०.२ र महिलाको साक्षरता प्रतिशत १६.७ रहेको छ ।[३] यस जिल्लामा प्राथमिक विद्यालय १५१ वटा  रहेका छन् । यसैगरी नि.मा. वि. ६३, मा.वि. ३० वटा उच्च मा.वि.१० वटा र क्याम्पस ३ वटा संचालन भएकाछन् । हाल वर्तमान समयमा निजी श्रोतका विद्यालय पनि स्थापित भएका छन् निजि स्तरका विद्यालयहरू प्रा.वि. स्तरमा १८, नि.मा. वि. स्तरमा ४ र मा.वि. स्तरमा २वटा विद्यालय रहेका छन् । यहाँ दलितहरूले भर्खर शिक्षाको महत्व बारे बुझ्न थालेकाले विद्यालयमा पढ्ने क्रम बढेको छ । छोरीलाई पनि पढाउनुपर्छ भन्ने मान्यताको विकास क्रमशः भइरहेको छ ।

## २.६ धार्मिक तथा ऐतिहाँसिक स्थलहरू

मन्दिरैमन्दिरको सहर काठमाडौं भनेझैं बाजुरा जिल्लालाई मन्दिरै मन्दिरको जिल्ला भन्न सकिन्छ, सुदुरपश्चिम क्षेत्रकै प्रमुख शक्तिपिठ मानिने  मालिका,  बुढीनन्दा, नाटेश्वरी,
गुरु चन्द्रनाथ, जगनाथ ठाकुर जस्ता धार्मिक तथा ऐतिहाँसिक क्षेत्र लगायत मोटामोटी रूपमा यहाँ रहेका अनेकन मन्दिर माडु तथा अन्य देवस्थलहरूको विवरण यसप्रकार दिन सकिन्छ

---

३. पूर्ववत् ।

| मन्दिरको नाम | मन्दिर रहेको स्थान |
|---|---|
| १ वडीमालिका देवी मन्दिर | मालिका पर्वत |
| २. सुनन्दादेवी मन्दिर | सुनन्दा पर्वत |
| ३ बुढीनन्दा देवी मन्दिर | बुढीनन्दा पर्वत |
| ४ चन्द्रनाथ | मन्दिर कोल्टी |
| ५ नाटेश्वरी मन्दिर | नाटेश्वरी |
| ६ जगनाथ ठाकुर ज्यु | ढाडाकोट |
| ७ शाहीमाण्डौं | कुलदेवमाण्डौ |
| ८ पादुका पिलुचौर | पिलुचौर |
| ९ साइ ऋषि | जुकोट |
| १० तलिकोट कैलाश | तालिगोठी |
| ११ कैलाश ठिम्कोट | नुरी |
| १२ भवानी माण्डु | कोल्टी |
| १३ जीउलेखमाण्डौ, मौरेक्षेत्र, | नाटेश्वरी |
| १४ स्वामीकार्तिक | जुकोट |

## २.७ कुण्डा क्षेत्रको परिचय

बाजुरा जिल्लाको पूर्वी सिमानामा पर्ने कुण्डा क्षेत्र भौगोलिक दृष्टि साह्रै विकट ठाउँ हो । यो क्षेत्र जिल्ला सदरमुकाम मार्तडीबाट ८ कोषदेखि २४ कोषसम्म टाढा रहेको छ । यस क्षेत्रमा बाजुरा जिल्लाका २७ वटा गा. वि.स. मध्ये ११ गा.वि.स.पर्दछन् । हाल वर्तमान समयमा ११ वटै गा. वि.स. लाई कुण्डा क्षेत्र भन्ने गरिए तापनि यस क्षेत्रको प्राचीन कुण्डा भनेर पाण्डुसैन, कोल्टी, कोटिला, जगनाथ, बाँधु, विछ्या, गोत्री र रुगिन ८ वटा गा.वि.स. पर्दछन् । प्राचीन कुण्डाको सिमाना पूर्वमा कर्णाली नदी पश्चिम पोरखे गढी उत्तर कवाडी र दक्षिणमा लैफु डाडा पर्दछ । यी सिमानाहरूले माथि उल्लेखित आठ गा.वि.स. भित्रको सम्पूर्ण क्षेत्रलाई बुझाउँछ । यस क्षेत्रको नाम किन रहन गयो भन्ने बारे यहाँका बुढापाकाहरूसँग प्रश्न गर्दा यस क्षेत्रको वरीपरी अग्ला पहाड रहेको तथा वीचमा समथर भुभाग रहेकाले यसको आकार कुण्ड (हवन कुण्ड) जस्तै भएको हुनाले कुण्डा नाम रहन गएको भन्ने ठहरिन्छ ।यसैगरी प्राचीनकालमा यस क्षेत्रमा कौडिण्ल्य नामका ऋषि आएर तपस्या गरी सिद्धि प्राप्त गरेका हुनाले कौडिल्य बाट अपभ्रंश हुँदै कुण्डा नाम रहनगएको भन्ने

कुरा पनि रहिआएको छ । आखिर जे भए पनि इसापूर्व देखि नै कुण्डाको नामले यो क्षेत्र प्रख्यात हुँदै आएको कुरा जानकारहरूले बताउछन् । जुम्ला राज्य भित्रका १७ दरा क्षेत्र मध्ये १ दरा कुण्डा क्षेत्र रहेको र जुम्ला ( सिंजा ) राज्यबाट नै यस क्षेत्रको प्रशासकीय राज्य व्यवस्था सञ्चालन हुँदै आएकोमा विक्रम सम्वत् १९७१ भन्दा केही वर्ष अगाडि राणाकी छोरी गंगादिव्यश्वरीको बझाङ्गी राजाका छोरा देवजङ्गसँग विवाह भएकोले राणाहरूले कुण्डा क्षेत्र छोरीलाई दाइजो दिंदा जुम्ला राज्यबाट बझाङ्ग राज्यमा गाभिएको र वि.सं. २०१७ सालदेखि मात्र यो कुण्डा क्षेत्र बाजुरा जिल्लामा गाभिएको कुरा स्थानीय बयोबृद्ध किस्मत जोशीले बताउनु भयो । यसरी पहिले जुम्ला बीचमा बझाङ र वर्तमान समयमा बाजुरा जिल्लामा गाभिएको यो क्षेत्र पहिलेदेखि नै अहिलेसम्म राज्यस्तरका विकासका पूर्वाधारबाट उपेक्षित गरिएको छ । यस क्षेत्रको सम्पूर्ण जनजीवन, सामाजिक अवस्था, रहनसहन, संस्कृति, भाषा तथा भौगोलिक अवस्थाले पनि कर्णाली क्षेत्रसँग मेल खाने देखिन्छ । वरिपरि ठूला पहाड (डाँडा) हरू र बीचमा बड्डीगाड नदी वगिरहेको र पूर्वीय सिमानातिर कवाडीदेखि लैफुसम्मको क्षेत्रमा कर्णाली नदी कलकल वगिरहेकीले यो क्षेत्र प्राकृतिक हिसाबले रमणीय र सौन्दर्यपूर्ण देखिन्छ । समुन्द्री सतहबाट ३००० मिटरदेखि १६००० फिटसम्मको उचाइसम्म रहेको यस क्षेत्रको बढीजसो जमिन वनजंगलले ढाकेको छ ।खेती योग्य जमिन कम भएको र उब्जनी पनि कम हुन भएकोले यहाँका जनतालाई बाह्रै महिना खान पुग्दैन । यहाँको समाज परम्परागत मान्यताहरूमा नै चलिरहेको छ । पुराना परम्परादेखि चलि आएका कुराहरू यस क्षेत्रमा अझै प्रचलित छन् । यस्ता परम्परागत मान्यताहरू केही राम्रा पनि छन् भने केही रुढीवादीमा आधारित छन् । परम्परागत मान्यताका केही राम्रा पक्षहरू सामाजिक कार्यहरू (पडिमु, गवारी) जस्ता काम संलग्न हुन्छन् भने छाउपडी प्रथा, बालविवाह ठूलोले सानामाथि शोषण गर्ने छुवाछुत जस्ता कुचलनहरू रहेका छन् । बाहुन, क्षेत्री, ठकुरी, दलित जातिहरूको वसोसास भएको यस क्षेत्रमा अल्प संख्या मुस्लिम धर्ममान्ने र केही बौद्ध धर्मालम्बीहरू रहेपनि अधिकांश हिन्दू धर्मालम्बीहरू बसोबास गर्दछन् । यस क्षत्रको कुल जनसंख्या २९,५३१ रहेको छ जसमध्ये पुरुषको संख्या १४,४८८ र महिलासंख्या १५,४३३ रहेको छ । यस्तै बाहुनमा रेग्मी, जोशी, उपाध्याय, पाण्डे, तिमिल्सेना, छन् । भने ठकुरीमा मल्ल, शाही, सिंह रहेका छन् । क्षेत्रीमा कार्की, रोकाया, अधिकारी, खड्का, रावल, रावत, वोगटी भण्डारी, बोहरा, थापा आदि रहेका छन् भने दलितमा सुनार, कामी, सार्की, लोहार, दमाई, बादी आदि रहेका छन् । कुण्डा क्षेत्रको मुटु नै मानिने कोल्टीमा एकमात्र यातायातको साधन हवाइजहाज उत्रने विमानस्थल रहेको छ । यहाँबाट नेपालगंज र सुर्खेत हवाइजहाजमार्गबाट यात्रा गर्न सकिन्छ ।

## २.८ वनस्पति तथा वन्य जन्तु

प्राकृतिक सम्पदाले भरपुर मानिने यस क्षेत्रमा लालीगुराँस सल्ला, सिसौ, बाँज, धुपी, काफल, भुजपत्र, लौठो, खर्सु, निगालो, उत्तिस, पैयु, पीपल अमला, कटुस, जैतुन इत्यादि बहुमुल्य वनस्पतिका साथै दालचिनी, चिराइतो, कटुकी, टिमुर, रिठ्ठा, बोजो, सिलाजु, तेजपत्ति, कुरीलो, जटामसी, सुनगाभा, अत्तिसी, असुरो, हर्रो, बर्रो, तितेपाती, पुदिना, गधान्नु, गौरीभुज, हातेजडी, रातीजडीका साथै शक्तिवर्धक संजिवनी वुटी मानिने यार्चा गुम्बा जस्ता बहुमुल्य बुटीहरू पाइन्छन् । यस क्षेत्रमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीहरूमा बाघ, भालु, दुम्सी,स्याल,गुनी, बाँदर, कस्तुरी, मृग, घोरल, हरिण, चितुवा, मल्साप्रो, ओत आदि र डाँफे, च्याखुरा, कालिज, बाज, गिद्ध, न्याउली, हुबाग इत्यादी दुर्लभ पंक्षीहरू हुन् । यस क्षेत्रमा लेकाली हावापानी पाइन्छ । केही स्थल बाहेक अधिकांश क्षेत्र भिरालो भएकाले खेतीपाती धेरै राम्रो उब्जाउ हुँदैन । सिंचाइ सुविधाका लागि प्रशस्त नदीनालाहरू भए तापनि उपयोगमा ल्याउन सकिरहेको छैन । यसक्षेत्रको बीचमा बग्ने बड्डीगाड खोलाको वरिपरी तथा नदी किनारामा भने खेती योग्य जमिन छ । यस क्षेत्रमा प्रमुख रूपमा धान, गहुँ, कोदो, जौ, मकै, भट्मास, गहत, सिमी, गुराँस आदिको खेती गरिन्छ । तरकारीमा आलु, चोतो, विशेष किसिमले फलाइन्छ । यसका साथै केही भुभागमा सागपात, प्याज, लसुन, काउली, टमाटर, आदि तरकारी पनि लगाइन्छ । यहाँ खेती प्रणालीमा आधुनिकता आउन सकेको छैन । उही बाजे बराजुका पालाको विधिअनुसार खेती गरिन्छ र किटनाशक औषधी सम्बन्धी कसैलाई केही मतलब हुँदैन । बिउ पनि परम्परकालदेखि नै चलिआएको प्रयोग गरिन्छ । यो ठाउँ जिल्ला सदरमुकाम कार्यालयबाट टाढा परेकाले पनि कृषि विकास कार्यालयले यस ठाउँमा आधुनिक खेती सम्बन्धी खासै चासो देखाएको पाइँदैन ।

पशुपालन यहाँको एक प्रमुख पेशा हो यहाँ विभिन्न जातिका पशुहरू पनि पाइन्छन् । बाखापालन, कुखुरापालन ब्यबसाय यदाकदा गरिएको भएपनि थोरै मात्रामा छ । गाई, भैँसी, यहाँको मान्छेले पाल्ने गर्दछन् तर गोरस अर्कालाई बेच्नु अपराध सरह मान्ने यहाँको प्रचलन रहेको छ । घोडा गधाका साथै भेडा पालेर खाद्य वस्तु आपूर्ति गर्ने काम पनि यस क्षेत्रका मानिसहरू गर्दछन् ।

## २.९ प्रमुख देवस्थल

बाजुरा जिल्लाको कुण्डा क्षेत्र पुरातात्विक तथा पर्यटकीय महत्वका दृष्टिले अति सम्पन्न र धनी जिल्लाको रूपमा स्थापित छ । विभिन्न समय र कालक्रमको अन्तरालमा विभिन्न साना ठूला र सामान्य मठमन्दिर देवस्थल निर्माण भएका छन् । परन्तु उचित संरक्षण व्यवस्थापन तथा गहन

अनुसन्धानको अभावमा केही मठ मन्दिरहरूको अस्तित्व लोप भइसकेको छ भने केही लोपोन्मुख अवस्थामा छन् । यस क्षेत्रमा परापूर्वकालदेखि स्थापित मठमन्दिरदेखि लिएर विभिन्न जात्रा मेला उत्सवमा पूजाआजा गरिने देवीदेवता, कैलाश मष्टो इत्यादि देवस्थलहरू रहेका छन् । देवीदेवताको पूजाआजा तीर्थ, यज्ञ, दान धर्मतिर पनि यस क्षेत्रका मानिसहरूको चासो देखिन्छ । कुण्डा क्षेत्रभित्र रहेका प्रमुख देवस्थलहरूको निम्न प्रकारले चर्चा गर्न सकिन्छ ।

### २.९.१ बुढिनन्दा

यस कुण्डा क्षेत्रको उत्तरपट्टि विभिन्न प्राकृतिक सम्पदाले रमणीय तथा सौन्दर्यमय एक हिमाल छ । विभिन्न ताल, झरना बनौषधीले वेष्टित यस गिरीमा बालक, वृद्ध रोगी अशक्त मानिसहरूलाई जान कठिन हुन्छ । धार्मिक पर्यटकीय र ऐतिहासिक स्थलका रूपमा महत्वपूर्ण मानिने यो हिमाल लगभग १६०० फिटको उचाइमा रहेको अनुमान गरिन्छ । यस उच्च हिमालमा एउटा ठूलो (पैदल १ घण्टा परिक्रमा गर्न लाग्ने) ताल छ । त्यही तालको पूर्व पट्टि किनारमा सानो मन्दिर छ । त्यहाँ एउटा शीला रहेको छ । त्यहि मन्दिरमा हरेक वर्षको श्रावण शुक्ल चतुर्ददशीका दिन मेला लाग्दछ । यो स्थलमा महादेवकी पत्नी सतिदेवीको नाक र नाकको सुनको मुन्द्री पतन भएर शक्ति पिठ भएको कुरा पुराणहरूमा उल्लेख गरिएको पाइन्छ । यस क्षेत्रमा पुग्न कठिन, विकट, भएपनि मानिसहरू यस मन्दिरमा पुगेपछि मनोकामना पूर्ण भई इच्छित वरदान प्राप्त हुने अभिलाषा बोकेर त्यहाँ पुग्ने गर्दछन् । त्यहाँ पुगेका जो कोही श्रद्धालु भक्त जनहरूको मनोवाँच्छित पुरा हुने गर्दछ । श्रावण शुक्ल चतुर्दशीका दिन यस स्थलमा पूजारी तीर्थयात्रीहरू पुग्नै लाग्दा यस मन्दिरमा रहेको स्फटिक शिला तीर्थयात्रुहरूको स्वागतका लागि मन्दिरभन्दा केही अगाडि आइरहेको हुन्छ भन्ने कुरा बुढापाकाहरूले बताउने गरेका छन् ।

### २.९.२ चन्दनाथ

वाजुरा जिल्लाको सदरमुकाम मार्तडीबाट १२ कोश पूर्वी भेगमा कुण्डा क्षेत्रको मुटु मानिने कोल्टी गा.वि.स. को वडा नं.३ कोल्टी गाउँको दक्षिण पट्टि श्री गुरु चन्द्रनाथ मन्दिर रहेको छ । मन्दिरको मोहडा पूर्वतर्फ फैलिएको छ भने दर्शनार्थी पूर्वी उत्तरी भागबाट मन्दिर परिसर प्रवेश गर्दै दर्शन गर्ने प्रावधान रहिआएको छ । मन्दिरको आधार पेटी प्यागोडा शैलीमा निर्माण भई छाना शिखर शैलीको रहेको छ । मन्दिरको स्थापनाका बारेमा आजसम्म कसैबाट गहन खोज अन्वेषण हुन सकिरहेको छैन । उचित प्रमाणिक अभिलेख अभावका कारण प्राचीनताको किटानी गर्न भने मुस्किल

पर्दछ र पनि जनश्रुति अनुसार पाण्डवहरूले आफ्नो वनवासकालमा स्थापना गरेका हुन् भन्ने किम्बदन्ति रहिआएको छ । यस मन्दिरमा रहेका बहुमुल्य पत्थरमा कलात्मक ढाँचामा भगवान शिवका दुई पाउ रहेका छन् । यहाँ हाल नित्य पूजाआजाको व्यवस्था गरिए पनि उचित मर्मत संभार र संरक्षणको अभावमा मन्दिर भत्केर बहुमुल्य मुर्तिहरू नष्ट हुने तथा चोरीहुन सक्ने अवस्था रहिआएको छ । यस मन्दिरमा विशेषगरी वर्षको दुईपटक भव्य रूपमा पूजाआजा हुने गर्दछ ।

### २.९.३ जगनाथ ठाकुर

जगनाथ गा.वि.स. को ढाडाकोट भन्ने गाउँमा जगनाथ ठाकुरको मन्दिर अवस्थित छ । यस मन्दिरको स्थापना १८३० सालतिर पिरजु विष्ट भनिने ढाडाकोटकै एक व्यक्तिले भारतको उडिसा स्थित जगनाथ मन्दिर गई त्यहाँबाट बक्साएर एक पूजारी सहित ल्याइ यस मन्दिरको स्थापना गरेका हुन् । यहाँ हरेक वर्ष माघे सक्रान्तिका दिन मेला लाग्दछ । यसका साथै अनेक धार्मिक तथा शुभकार्यहरू जस्तै व्रतबन्ध विवाह आदि कार्यहरू निरन्तर हुने गर्दछन् । टाढा टाढाबाट मानिसहरू आएर यस मन्दिरको दर्शन गर्दै आफूलाई कृतार्थ ठान्ने गर्दछन् ।

### २.९.४ तलिगोठी कैलाश

कोल्टी गा.वि.स. को वडा नं. ८ स्थित एक मनोरम ठाउँ छ । यस ठाउँको वरपर विभिन्न किसिमका देवी देवताका  मठ मन्दिरहरू रहेका छन् । तलिगोठी गाउँको पछाडिपट्टि ठूलाठूला पाँगरका वृक्षहरू रहेका छन् । यिनै वृक्षहरूको वीचमा एक पुरानो माडु रहेको छ । यही माडुलाई कैलाशको थान भनेर स्थानीयहरूले पूजाआजा गर्ने गरेका छन् । यस कैलाश स्थानमा भाद्र शुक्ल त्रयोदशीदेखि पूर्णिमा सम्म ठूलो जात्रा लाग्दछ । विभिन्न धामीझाक्रीहरू जम्मा भएर धामी नाच खेलिन्छ । अन्य पर्व मेलामा पनि जस्तै वैशाख पूर्णिमा, माघ पूर्णिमा पनि पूजा लाग्ने गर्दछ । यहाँ बोकाको  बली दिने प्रचलन रहिआएको छ । अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, हुम्ला आदि भारतसम्मका मानिसहरू यस क्षेत्रमा आएर पूजाआजा गर्ने गर्दछन् । कसैलाई अन्याय परेमा, चोरी भएमा इन्साफका लागि यस ठाउँमा आएर फिराद पुकारी गरिन्छ र दोषी तथा अन्यायवाला लाई यस कैलाशले विभिन्न दुःख कष्ट दिएर आफू कहाँ ल्याउँछ र पछी दुवै पक्षका मानिसहरू झिकाएर सवुद प्रमाणिक हिसावमा इन्साफ गरिदिन्छ भन्ने कुरा यस क्षेत्रका सबै मानिसहरूमा विश्वास रहिआएको छ ।

### २.९.५ ठिम्कोट कैलाश

कोल्टी गा.वि.स. कै वडा नं.९ स्थित नुरी भन्ने गाउ रहेको छ । यसको माथि शिखरमा ठिन्कोट कैलाशको मन्दिर रहेको छ । कोल्टी तथा बाँधु गा.वि.स. मा पर्ने भुभाग जग्गा जमिनको हकवाला अर्थात रखवाला यहि ठिन्कोट कैलाश रहेको जनविश्वास गरिन्छ । हरेक वर्ष नयाँ बाली भित्र्याइसकेपछि अगाडिको अन्न चामल, गहुँ आदि अन्न यस देवतालाई चढाएपछि मात्र मानिसहरूले आफूले खाने गर्दछन् । दुःख पर्दा, कृषि खेतीपातीमा समस्या आउँदा यस देवताकहाँ गएर देवताको धामीलाई पतुराएर समस्या समाधान गर्ने प्रचलन रहिआएको छ । श्रावण पूर्णिमाको दिन यस क्षेत्रमा ठूलो मेला लाग्दछ । यहाँ बोकाको बली  दिइदैन । दूध, धुप मात्र चढाइने गरिन्छ ।

### २.९.६ कोटिला कैलाश

कोटिला गा.वि.स. मा कोटिला नामको गाउँ छ । यसै गाउँमा यस कैलाशको मन्दिर भएकाले गाउँकै नामबाट कोटिला कैलाश भन्ने नाम रहन गएको भन्ने बुझिन्छ । यहाँ विशेषगरी भाद्र शुक्ल पुर्णिमाका दिन मेला लाग्दछ । यस कैलाशलाई अलि कडा स्वभाव भएको क्रोधी कैलाशका रूपमा मानिसहरूले बुझ्ने गरेका छन् । कसैले कसैलाई अन्याय थिचोमिचो आदि गरेमा पिडित पक्ष यहाँ आएर इन्साफका लागी उजुरी गर्दछ र पछी देवता लागेर दोषी अथवा अन्यायवालालाई झिकाई न्याय इन्साफ दिलाउँछ भन्ने जनविश्वास रहिआएको छ ।

### २.९.७ भवानीमाण्डौ मन्दिर

कोल्टी गा.वि.स. को वडा नं. ३ स्थित भवानीमाँडु डाँडामा भवानी मन्दिर रहेको  छ । प्राचीनकालमा मन्दिर अलि माथि डाँडाँमा रहेको र पछि त्यसको माथि रहेको ताल फुट्न जाँदा पहिरोले सम्पूर्ण गाउ वस्ती पुरिदिदा पुन : त्यस मन्दिरलाई अलि तल डाँडामा स्थापना गरिएको कुरा जनविश्वास रहिआएको छ । यस मन्दिरमा काठमाण्डौँको बुढानिलकण्ठमा रहेको जस्तै सानो आकारको शेष शैयामा रहेको भगवान विष्णुको मुर्ति रहेको छ । त्यो मुर्ति मन्दिर भत्कदा  उचित संरष्क्षण तथा व्यवस्थापनको अभावमा केही भाग नष्टभई फुटेको (दुईटुक्रा) को अवस्थामा र अर्को त्यहाँ (लखमा भवानी) देवीको पत्थरको मूर्ति रहेको छ । जेठ पुर्णिमा तथा कार्तिक पूर्णिमा दिन यस मन्दिरमा पूजाआजा हुने गर्दछ । यी वाहेक यस कुण्डा क्षेत्रमा पादुका कर्णाली, छातीकोट भवानी तथा मष्टो मन्दिर बिरसैनमा मालिका माताको मन्दिर, कुरुमा माइको थान र बाँधुमा जरड कैलाशको मन्दिर आदि प्रमुख देवस्थल रहेका छन् ।

## २.१० उद्योग कला

उद्योगधन्दाको विकासमा हाम्रो देश नेपाल अन्य विकसित मुलुकहरूको दाँजोमा धेरै पछि परेको छ त्यसमा पनि बाजुरा जिल्ला जस्तो विकट हिमाली जिल्लामा त आधुनिक उद्योगधन्दाहरूको कल्पनासम्म पनि गर्न सकिदैन । हुन पनि बाजुरा जिल्ला भरिमा कुनै त्यस्ता आधुनिक उद्योगधन्दाहरू छैनन् । तर परम्परागतरूपमा बाजे बराजुका पालादेखि जिविकोपार्जनका लागि चल्दै आएका स्थानीय श्रम साधनको प्रयोगमा कलापूर्ण उद्योगहरू चल्दै आएका छन् । निँगालाबाट डोको, नाङ्लो, डालो, मान्द्रो, सुपो, कोठो, कोर्को आदि जस्ता सामग्रीहरू बनाइने गरिन्छन् । उद्योगकलाको रूपमा चिनिने पानी घट्ट चलाएर अन्न पिसने पिसाउने काम गरिन्छ । माटाका भाडा तथा सुल्पा बनाउने, स्विटर बुन्ने सिलाइ कढाइ पनि गर्ने गरिन्छ । यसका साथै सुनचाँदीका गरगहनाहरू बनाउने, हातहतियार बनाउने आदि सामान्य कलाहरू पनि गर्ने गरिन्छ । भेडाबाखाको उनबाट, लिउ, फेरे, राडी, पाखी जस्ता उनका कपडाहरू हातले कात्ने बुन्ने गरिनुका साथै कपासको खेती गरी यसबाट धागो काती, लुगाकपडाहरू पनि बनाइन्छ । यस्ता उद्योग तथा कलाहरूको संरक्षण र संवर्द्धन हुन सकेमा  रोजगारीका साथै आर्थिक अवस्था सुधार हुने देखिन्छ ।

## २.११ प्रचलित चाडपर्वहरू

बाजुरेली लोोकसंस्कृतिमा विभिन्न प्रकारका चाडपर्वहरू परम्परागत निधिको रूपमा रहिआएका छन् । यी चाडपर्वहरू कोही तिथीको आधारमा र कोही संस्कारको आधारमा मनाइने गरिन्छन् । बाजुरेली  लोकमानसमा चाड भन्नाले (त्युबार)  भन्ने अर्थ लाग्छ । यस्ता त्यूबारमा पुरीपकाउने स्थानीय भाषामा (टाटे) सेल रोटी हाल्ने, हलुवा बनाउने खसी काट्ने, दाल, भात गोरस खाने प्रचलन रहिआएको छ । नयाँ लुगा लगाउने, मनोरञ्जन गर्ने देउडा खेल्ने, राम्रो  गरगहना लगाउने, इष्टमित्रसंग भेटघाट गर्ने जस्ता कुराहरू चाडपर्वमा गर्ने गरिन्छन् । यस्ता कुण्डा क्षेत्रमा मनाइने चाडपर्वहरूको बारेमा छोटकरीमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

### २.११.१ बिसु

नववर्षको आरम्भको खुसियालीको अवसरमा यो चाड मनाइने गरिन्छ । यसलाई बिसुसंक्रान्ति भनेर पनि भनिन्छ । कुण्डा क्षेत्रको पाण्डुसैनमा र जगनाथमा विसु मेला लाग्दछ । त्यस मेलामा देउडा खेल्ने, बनाएर लिएका विभिन्न परिकारहरू बाँडेर खाने, भेटघाट गर्ने, प्रचलन रहेको

छ । विवाह नभएकी कन्या केटीहरू साग टिप्न जाने र बेलुका साग टिपी ल्याएर बाँडीचुडी पकाएर खाने प्रचलन रहेको छ । जगनाथमा हाल वर्तमान समयमा नाटक देखाउने, विभिन्न खेल प्रतियोगिताहरूको आयोजना गर्ने चलन पनि बढिरहेको छ ।

### २.११.२ गंगादशहरा

गंगा दशहरा जेष्ट शुक्ल दशमीका दिन पर्दछ । यो धार्मिक महत्वको चाड हो । यस चाडमा ब्रत वस्ने, देउडा खेल्ने लगायत मनोरञ्जन गर्ने परम्परा रहि आएको भएपनि हाल यसको महत्व घट्दै गएको भान हुन्छ ।

### २.११.३ श्रावणपूर्णिमा

सावन पुनी पनि यस क्षेत्रको मुख्य चाड मानिन्छ । यस चाडमा विशेष गरी यस क्षेत्रका मानिसहरूले आआफ्नो कुलदेवताको पूजाअर्चना गरी मनाउँछन् । देवताको मन्दिरमा (माडु) सवैमिसिएर पुरी पकाउने, खिर पकाउने, देवता हेराउने कार्य गर्दछन् । कोल्टी गा. वि.स. को नुरीमा ठूलो मेला लाग्दछ । त्यहाँ यस क्षेत्रका सबै मानिसहरू जम्मा भई देउडा खेल्ने, रमाइलो गर्ने धामी नाच खेल्ने गर्दछन् जसलाइ स्थानीय भाषामा (पतुर्ने) भनिन्छ त्यसैगरी छातीकोटमा साउनपुनीको मेला लाग्दछ । त्यहाँ भवानी देवीको पूजा अर्चना  हुन्छ ।

### २.११.४ खौं

कुण्डा क्षेत्रको बाँधु र रुगिन गा. वि.स. का जनताहरूको महत्वपूर्ण चाड मानिने यस पर्वमा यस क्षेत्रका सवै मानिसहरूस धिम भन्ने स्थानमा भेला भएर यो चाड मनाउने गर्दछन् । भाद्र संक्रान्तिदेखि शुरु भएर ३ गते सम्म (तीन दिन) मनाइने यस चाडको पहिलो दिनलाई जोड्डो खौं भनेर भनिन्छ । दोस्रो दिनको चाडलाई माझ खौं र तेस्रो दिनको चाडलाई छोड्डो खौं भनिन्छ ।कुण्डा क्षेत्रका सम्पूर्ण मानिस धिममा भेला भएर तीन दिनसम्म देउडा खेल्ने, बाजागाजा बजाउने, लुगो (लिगो) गाढने प्रचलन रहि आाएको छ । खौं को पहिलो दिन एउटा रागोलाई ल्याएर सो जात्रामा दौडाउने र त्यसलाई लखेट्दै कुटीकुटी मार्ने गर्दछन् । इष्टमित्र, छरछिमेक सबै भेला भएर मीठो मसिनो परिकार  बनाई खाने प्रचलन पनि रहि आएको छ । ठाउँ ठाउँमा बुढापाका, युवा, युवती, महिला र केटाकेटीका छुट्टाछुट्टै देउडा खेलहरू खेलिन्छन् ।

### २.११.५ बाँधुको कुलो सुगोराँइ

बाँधुको कुलो सुगोराई बाँधु गा. वि. स. भित्र पर्ने वाँधु गाउँमा रहेका बासिन्दाहरूको मुख्य चाड कुलो सुगेराइँ हो । अषाढ महिना लागेपछि रोपाई सुरु हुनु पूर्व हरेक वर्ष कुलो (नहर) मर्मत सम्भार गर्ने गरिन्छ जसलाई कुलो सुगेराई भनेको सफा गर्नु भन्ने अर्थ बोध हुन्छ । अषाढ महिनाको ५,६,७ गते तीन दिन सम्म सम्पूर्ण बासिन्दा जम्मा भएर अगाडी अगाडी बाजागाजाका साथ बजाउदै पछाडी कुलो सुगेर्ने कार्य गरिन्छ । ३ दिन सम्म प्रत्येक राती महिला, पुरुष, युवा युवती वीच छुट्टाछुट्टै देउडा खेल खेल्ने प्रचलन रहिआएको छ ।

### २.११.६ जन्माष्टमी

भगवान श्री कृष्ण जन्मिएको भाद्र कृष्ण अष्टमीको दिन कृष्णजन्माष्टमीलाई यस क्षेत्रमा जन्माष्टमी पर्व भनेर भन्ने गरिन्छ । यस दिनको अघिल्लो राति दाल भात मीठो मसिनो खाने कुरा खाएर दर बस्ने गरिन्छ र विहान साना ठूला सवैले नुहाएर नजिकको मन्दिरमा गई पूजा आजा गर्ने, नभए घरैमा थाल थापेर पूजा गर्ने टीका लगाउने ब्रत वस्ने प्रचलन रहेको छ । दिनमा दही केरा,स्याउ लगायत फलफूल खाने गरिन्छ । आलु पकाएर खाने पनि गरिन्छ । बेलुका घरपरिवारका सवै परिवार जम्मा भएर कृष्ण पूजा गरिसकेपछि खिर, सेलरोटी, पुरी, सुजी, हलुवा इत्यादी परिकार बनाएर खाने गरिन्छ । यस क्षेत्रको वीरसैन भन्ने स्थानमा रात्री मेला लाग्ने गर्दछ । त्यहाँ सबै मानिसहरू जम्मा भएर भजन कीर्तन गर्ने, नारायण नचाउने, देउडा खेल्ने जस्ता कुराहरू गर्दछन् ।

### २.११.७ हरितालिका तीज

नारी प्रधान धार्मिक संस्कारको यो पर्व भाद्र महिनाको शुक्ल पक्षको तृतीया तिथीमा पर्दछ । नारीहरूले मीठो भोजन गर्ने, राम्रो लुगा गहना लगाउने र शिवजीको ब्रत वस्ने गर्दछन् । यो पर्व नेपालभरि नै मनाइन्छ, पौराणिक मत अनुसार हिमालयकी पुत्री पार्वतीले शिवजीलाई पति पाउँ भनि गरिएको यो ब्रत नेपाली नारीहरूमा विवाहित महिलाले आफ्नो श्रीमानको दीर्घायुको कामनाका लागि र अविवाहित कन्याहरूले राम्रो वर पाउन का लागि बस्ने गर्दछन् । छोरीबेटीहरू माइतमा आउन नपाएको आफ्नो दुःख गीत मार्फत व्यक्त गर्दै नाच्ने प्रचलन पनि विगतका केही वर्षयता शुरुभएको छ ।

### २.११.८ दशैं :

सम्पूर्ण नेपालीहरूको महान चाड दशैं यस क्षेत्रमा बडो धुमधाम र उत्साहका साथ मनाइने गरिन्छ । आश्विन शुक्ल प्रतिपदाका दिनदेखि शुरु भएर पुर्णिमासम्म दशैंको पर्व मनाइने गरिन्छ । यस चाडमा विभिन्न कामको शिलशिलामा परदेशिएका मानिसहरू पनि दशैंमा मनोरञ्जन गर्ने प्रचलन बढ्दो रूपमा रहेको छ । घटस्थापनाका दिन जमरा राखिन्छ । घटस्थापनाको साँझदेखि कोल्टी स्थित चौखुट्टे चौरमा दमाहा बाजाहरू बजाइने गरिन्छ । एक निश्चित ठाउँमा दुर्गा देवीको मुर्ती स्थापना गरेर ५ दिनसम्म सामूहिक पूजाआजा गरिन्छ । पहिले कुण्डा क्षेत्रकै सवै जनताहरूका घरघरबाट फलफूल, धुप, दिप अक्षता भेटी उठाएर दुर्गा मन्दिरमा चढाउने प्रचलन रहे पनि वर्तमान समयमा कोल्टी गाउँबासी बाहेक अन्य ठाउँबाट भेटी आउन छोडेको छ । फूलपातीको दिन कोल्टी स्थित दुर्गा देवीको मन्दिरबाट बाजागाजाका साथ देवीको डोली सजाएर चिराक, अगरवत्ती बाली सबै गाउँलेहरू भेला भएर हाल कोल्टी बजार भएको ठाउँमा (कालडाँडा) जान्छन् । त्यहाँ पनि दुर्गा मन्दिर प्रतिष्ठापित गरिएको छ । त्यस मन्दिरमा गई पंचबली दिएर फेरी वाजागाजा साथ सबै फर्किन्छन् । कोल्टी विमानस्थलमा साँझ घोडा दौड प्रतियोगिता हुन्छ । करिब ४०।५० घोडाचढी व्यक्तिहरूको घोडा दौडाउडाको क्षण ज्यादै रमाइलो हुन्छ भोलिपल्ट अष्टमीको दिन कोल्टी चौरमा ठूलो मेला लाग्दछ । सबै कुण्डा क्षेत्रका मानिसहरू भेला भएर देउडा खेल्ने मनोरञ्जन गर्ने गरिन्छ । दिनमा राँगाहरू जुधाउने गरिन्छ । नवमीका दिन घरघरमा दुर्गादेवीको पूजाआजा गरेपछि बोकाको बली दिएर मिष्ठान्न भोजन तयार पारिन्छ । दशमीको दिन शुभ साइतहेरी ठूलाबाट सानालाई आशिर्वाद स्वरूप जमरा टिका लगाइन्छ । पूर्णिमाको दिनमा कलश र जमरा सेलाएर दशै विसर्जन गरिन्छ ।

### २.११.९ तिहार :

तिहार दशैपछिको महत्वलाई चाड हो । यसलाई भाइटिका वा देवाली भन्ने पनि गरिन्छ । कार्तिक कृष्ण पक्षको त्रयोदशी तिथी देखि शुक्ल पक्षको द्बितीया सम्मको पाँचदिनसम्म यो चाड मनाइन्छ । काग तिहार, कुकुर तिहार, लक्ष्मीपूजा गाई तिहार, भाइपूजा, यस चाडका प्रमुख पर्व हुन् । बाजुरेली लोक संस्कृतिमा आमावाश्यका दिनमा गाईपूजा र द्बितियाको दिन भाइपूजा हुन्छ । औशीको दिनमा सबैको घरघरमा साँझ बत्ती बालेर लक्ष्मीको पूजा आजा गरिन्छ । देउसी खेल्ने, तास जुवा खेल्ने प्रचलन पनि रहिआएको छ । भाइपूजाको दिन दिदीबहिनीहरूले आआफ्नो

दाजुभाइलाई बोलाएर असल खानेकुरा दिएर टीका लगाई पूजा गरी फूलको माला लगाईदिन्छन् । भाइले पनि बहिनीहरूलाई यथाशक्य दक्षिणा दिने गर्दछन् ।

### २.११.१० भुवो

बाजुरा जिल्लाका विविध चाडमध्येको भुवो पनि एक महत्वपूर्ण सांस्कृतिक पर्व हो । अन्य पर्वको तुलनामा यस पर्वको आफ्नै विशेषता रहेको छ । यो चाड पौष कृष्ण चतुर्दशीको दिन देखि शुरु भएर ३ दिनसम्म मनाइने गरिन्छ । चतुर्दशीको राती सवै पुरुष वर्गले एक निश्चित ठाउँमा मुडा फाल्ने गर्दछन् । राती नायकको घरबाट आगो ल्याएर सल्काइ मुडा पोल्दै भुवो पर्वको सुरुवात गर्ने गरिन्छ । यस पर्वमा धेरै अश्लिल शब्दहरू भन्ने गरिन्छ । काका र भतिज पक्षका बीच एक आपसमा विभिन्न अश्लिल शब्दहरू भन्ने गरिन्छ । विहान सूर्योदयको बेला सवै पुरुष वर्गले हातमा राँको सल्काएर पंचबाजा का साथ नाच्ने गरिन्छ र पछि ती सल्काएका राँका लाई लिएर एक ठाउँमा सेलाउने गरिन्छ । दिनमा भोस्सो खेलिन्छ । दायाँ हातमा तरबार र बायाँ हातमा रुमाल वा गलबन्दीको फुर्को बनाएर बाजाका साथ नृत्य गरिन्छ । यस चाडलाई लोकनृत्य भन्दा पनि हुन्छ । स्थानीय भाषामा यसलाई ढाल खेल्नु भनिन्छ । कसैको छोरा जन्मेको घरमा या शुभकार्य उत्सव भएको घरमा गएर तीन दिनसम्म ढाल खेलिन्छ । ढाल खेलेको घरबाट यथाशक्ति रूपैंया दिने गर्दछन् र त्यसरी संकलित रकमबाट अन्तिम दिन भुवाखाडामा ( मुडापोलेको ठाउँ ) बोका काटिन्छ र त्यस बोकाको मासु गाउँमा भए जति सबैको घर घरमा एक एक टुक्रा दिइन्छ । यो पर्व कुण्डा क्षेत्रका सबै ठाउँमा मनाइने भए पनि विशेष गरी कोल्टी, छातिकोट कोटिला, कापकोट, धिम, रुगिन, जगनाथ, गोत्री क्षेत्रमा मनाइन्छ ।

### २.११.११ पिठायो

पौष शुक्ल द्वितीयाको दिन बिहानीदेखि शुरु हुने यो चाडमा यस क्षेत्रका मानिसहरू आफू भन्दा ठूलाबडा गाउँका मान्यजन मुखिया, वुर्याउडी आदि व्यक्तिहरू तथा आफूलाई केही जग्गा उपलब्ध गराउने (माटे ) व्यक्तिहरू कहाँ गएर पिठायो (पहेलो रङ पिठोमा मिसाएर बनेको धुलो) लगाइदिन्छन् । पिठायो लगाउँदै केरा, आलु, ओखर आदि केही फलफूल दिन्छन् । यसको वापत तिनीहरूलाई ठूलावडाबाट चामल पैसा प्रदान गरिन्छ । ठूलालाई आदर सत्कार गर्नुपर्छ र सानालाई माया प्रेम गर्नुपर्छ भन्ने भाव यस पर्वमा देख्न सकिन्छ ।

### २.११.१२ शिवरात्री

फाल्गुन कृष्ण पक्षको त्रयोदशी तिथीमा महाशिवरात्री पर्दछ । त्रयोदशीका दिनमा ब्रत उपवास बसी स्थानीय शिवजीका मन्दिरमा गई पाठ पूजा किर्तन भजन आदि गरिन्छ । यस दिन ब्रत र रातभर जाग्राम गरे पूण्य मिल्ने जनविश्वास रहेको छ । यस दिन शिवजीका शक्ति पिठ तथा कोल्टी स्थित चन्द्रनाथ मन्दिर र कोल्टी बजार स्थित शिव मन्दिरमा मानिसहरू गएर पूजा आजा तथा भजन किर्तन गर्ने गर्दछन् । शिवरात्री भगवान शिवको पूजनमा आधारित धार्मिक पर्व हो ।

यसरी माथि उल्लेख गरिएका बाहेक यस कुण्डा क्षेत्रमा जनै पूर्णिमा, माघेसंक्रान्ति, रामनवमी, होली पुन्ही, चैतेदशैं आदि पर्वहरू मनाइने गरिन्छन् । यसरी वैशाखदेखि चैत्रसम्मका विभिन्न चाडपर्व संस्कारहरू एकातिर साधारण जनताको मनोरञ्जन र आनन्दका माध्यमका रूपमा रहेका हुन्छन् भने अर्को तिर परम्परागत चलिआएको संस्कृति र सभ्यताको द्योतकका रूपमा रहेको प्रतित हुन्छ । माथि उल्लेख गरिएका यी चाडपर्वहरू कतिपय जातिपाति रहनसहनसँग सम्बन्धित र आधारित छन् भने कतिपय विशुद्ध धार्मिक परम्पराको रूपमा रहेका छन् । यसैले नेपाली राष्ट्रिय संस्कृतिको महत्वपूर्ण योगदान रहेको र भविष्यमा पनि मलजल पुऱ्याउने देखिन्छ ।

# तेस्रो परिच्छेद

# देउडा गीतको सैद्धान्तिक परिचय

## ३.१ परिचय र परिभाषा :

देउडा गीत नेपालको पश्चिम क्षेत्रमा गाइने एक प्रकारको लोकगीत हो । बृहद् नेपाली शब्दकोश अनुसार देउडाको अर्थ यसरी दिइएको पाइन्छ । देउडा ना ( देवडा) पश्चिम नेपालको लोकगीतमा चल्ने गीतको एक ताल देउरा, संगीतको एक प्रकारको ताल वा भेद ।[४] देउडा एक आपसमा कुममा कुम मिलाई धेरै व्यक्तिहरूले खेल्दा पाद पङक्ति वा पैतलो खुट्टा सिधा नचलाइ र पाइलो पनि एउटा पुरा र एउटा आधा चलाइने भएकोले यसलाई देउडा वा देवडा भनिएको हो । टेढी कदममा देब्रेगोडा चालेर खेलिने हुनाले र एउटा गीतलाई गाँउदा डेढ पटक गाइने तथा सोही अनुसार खुट्टा चलाइ खेलिने र देउडा गीतको शब्दको अर्थ पनि सिधा नभइ ब्यङ्ग्यार्थ वा लक्ष्यार्थ हुने हुँदा यसलाई देउडा खेल भनिएको हो । कसैकसैले केटीले (दउरा) आगो र केटाले दौरा सुरुवाल लगाउने खस जातिको मौलिकता भएको यो नाच नाच्दा पनि त्यही पहिरन हुने हुनाले देउडा वा देउराली भन्ने गर्दछन् । अर्को भनाई अनुसार “खस जातिकी कुलदेवी बडीमालिका मलयगिरी पर्वत तर्फ गमन गर्नु अघि देउरा वा देउराली भन्ने आफ्नो जन्मस्थलोमा बस्नुहुन्थ्यो र उहाँको जन्मदिनमा भक्तजनहरूले उहाँको सम्मानमा एउटा सामूहिक नृत्य लोकगीतका साथ प्रस्तुत गर्दथे । त्यो गायन वा नृत्य देउरा वा देउरालीमा हुने भएकाले त्यसलाई देउरा वा देउडा भनिन्थ्यो[५] जसको प्रमाणस्वरूप देउडा खेल्ने वा मनोरञ्जन गर्ने ठाउँलाई आजभोलि पनि देउराली भन्ने चलन यदाकदा पाइन्छ ।  कर्णाली क्षेत्रमा देउडा भनेको ठट्टा मानिन्छ । दुःख पीडा हाँसोलाई गीत बनाई गाइने र नाच्ने परम्पराले मनोरञ्जन गरिने भएकाले देउडा भनिएको पाइन्छ । आखिर जे भए पनि देउडा गीतको विकास खस जातिले आदिमकालको वंशानुगत निरन्तरता दिएको हो या पछि विकास भएको हो यसको एकिन गर्न गहन अध्ययन अनुसन्धान हुनु जरुरी देखिन्छ । देउडा मध्य तथा सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको महत्वपूर्ण  लोकविधा हो । नेपाली लोक साहित्यको आलोकमा राखेर हेर्दा लोकगीत अन्तर्गतको झ्याउरेसँग यसको अन्तर्सम्बन्ध रहेको देखिन्छ । लोकसाहित्य भन्नाले लोक वा जनसाधारणको भावनालाई बहाउँदै निरन्तर रूपमा बहने साहित्य हो । देउडा गीतले यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको हृदयमा अमिट रूपमा बास गरेको छ । जहाँ जुनसुकै अवस्थामा र जसरी रहेतापनि जनसाधारणले देउडा गीतलाई विर्सन सक्दैनन् ।

४. ने.रा.प्र.प्र. (२०४०), नेपाली बृहत शब्दकोश, पृष्ठ ६६४ ।

५. गोविन्द्रप्रसाद पाण्डे (२०६०), देउडा विगतदेखि वर्तमानसम्म ।

देउडा गीतमा प्राकृतिक प्रवाह र स्वतन्त्र मौलिकता छ । देउडा गीतको प्रस्तुति सामूहिक तथा एकल र अभिनय सहित वा अभिनय रहित ढङ्गले गर्न सकिन्छ । सामूहिक रूपमा देउडा खेल्दा खेलाडीहरू दुई पक्षमा विभक्त हुन्छन् । तिनीहरूबीच गीतिमय संवाद वा वादविवाद चल्दछ जसमा आफ्ना गहकिला अभिव्यक्तिद्वारा एक अर्कालाई परास्त पार्ने अभिप्राय रहेको हुन्छ । यसै क्रममा कहिलेकाँही त गाली गलौच तथा जातभात का कुराहरू पनि आउन सक्छन् । देउडा गीतमा मार्मिकता, प्रशंगानुसारिता, अन्त्यानुप्रास र लय समेत मिलाउनु पर्ने र तत्काल भन्नुपर्ने हुँदा यी देउडा भन्ने प्रचलन बढी छ । यहाँको युवायुवती बालबालिका र बूढाबूढी पनि देउडा गीतभन्दा हुरुक्कै हुन्छन् । प्रत्येक व्यक्तिको हृदयमा देउडा गीतको विशाल भण्डार रहेको हुन्छ । मनोरञ्जनको एकमात्र साधनको रूपमा रहेको बजुरेली गीत र लोकनृत्यले यस बाजुरा जिल्लामा गहिरो छाप पारेको छ । देउडा गीत बाजुरेली हृदयको स्पन्दन बनिरहेको छ । देउडा नाच पश्चिम नेपालको प्रमुख नाच मध्येको एक हो । त्यसमा गाइने गीतहरू सामयिक र प्रेम सम्बन्धी नै हुन्छन् । भावुक हृदयमा देउडा गीत तत्काल स्फुरीत हुन्छ र गाइन्छ । भावुक हृदयभएको मानिसलाई यसको निर्माणमा कुनै कठिनाई पर्दैन । यो त लयपूर्ण ध्वनिमा कुनै व्यक्तिले आफ्ना सामयिक भावना व्यक्त गर्ने प्रक्रिया हो । देउडा खेलमा एकपट्टी एक समूह अर्कापट्टी एक समूह आपसमा हातेमालो गर्दै एउटै गोलाकार घेरा बनाएर एक आपसमा उभिन्छन् र त्यसपछि एक पाइलो अगाडि र एक पाइलो पछाडि तालमा ताल दिदै शरीरलाई लचक्दार बनाउँदै गीत गाँउदै घुम्छन् । यहि गीतमै सवाल जवाफको क्रम चल्दछ र एकपटक एउटा समूहले र अर्को पटक अर्को समूहले गीत दोहऱ्याउने यो खेलमा वाद्यवादनको कुनै आवश्यकता हुँदैन । मनोरञ्जन दिनु, प्रेम, भावना व्यक्त गर्नु, प्रसंगानुसारिता संगीतमयता जस्ता विशेषता बोकेको देउडा गीतले आफ्नो छुट्टै अस्तित्व राख्न सफल भएको छ ।

## ३.२ देउडा गीतको ऐतिहासिक पक्ष

देउडा लोकसाहित्यिक लोकगीत अन्तर्गत पर्दछ । लोकसाहित्यको अतितलाई हेर्दा यसको विकास मानव समुदायको विकाससँगै जोडिन सक्छ । लोक शब्द अति प्राचीनतम शब्द हो । यस शब्दको प्राचीन रूप खोज्दै जाँदा सर्वप्राचीनग्रन्थ ऋग्वेदसम्म पुगिन्छ । यसको पुरुष सुक्तमा जीव तथा स्थानको लागि लोक शब्दको प्रयोग भएको पाइन्छ । वेदलाई पनि श्रुति भनिनुबाट पहिले वेद पनि मौखिक परम्परामा एक अर्कामा हस्तान्तरण हुँदै आएको थियो । यो अध्ययनबाट के भन्न सकिन्छ भने लिखित साहित्य आउनु भन्दा धेरै समय पूर्व नै लोकसाहित्यको परम्परा चलिआएको र

पछि तिनै मौखिक परम्पराका आधारमा रहेका लोककथा लोकगीत नै लिखित रूपमा रहदा लिपिबद्ध साहित्यको प्रादुर्भाव भएको भन्न सकिन्छ । देउडा गीत सुदुर तथा मध्यपश्चिमको जनमानसमा परापूर्वकालदेखि नै मौखिक रूपमा विकसित हुँदै आएको लोकसाहित्यिक विधा हो । जनश्रुतिमा रहने साहित्य भएकाले यसको इतिहास यसै बेलादेखि सुरु भयो भनेर किटान गर्न त सकिदैन तर यस क्षेत्रमा मानव वस्ती बस्दा नै देउडा पनि मानव हृदयमा रहदै आएको भन्न सकिन्छ । अतितलाई हेर्दा यसको इतिहास अति सुन्दर रहेको  पाइन्छ । एउटा सानो बालकदेखि बृद्ध तथा घरबारीदेखि बैरागीसम्मको मन बुझाउने काम देउडाका साथै मानवमनमा वर्गविरोध, शोषण जस्ता कुरितिलाई हटाउन आह्वान गरी समतामूलक समाजको निर्माणमा समेत ध्यान दिइएको पाइन्छ । भलाकुशारी हालखवर आत्मीय भावना जस्ता सदभावमूलक अभिव्यक्ति पनि देउडा गीतमा रहेका पाइन्छ । वि.सं. २०२० साल पौष ९ गते जुम्लाका महाशंकर देवकोटाले देउडा गीतलाई रेडियो नेपालमा रेकर्डिङ् गराई सञ्चार माध्यममा गाउने प्रथम गायक हुनुभयो । त्यसपछि हाल आएर रेडियो नेपाल, क्षेत्रीय प्रसारण केन्द्र (सुर्खेत र दिपायल) बाटपनि देउडा गीत दैनिक प्रशारण हुने गरेका छन् । यसका साथै मध्यपश्चिम तथा सुदूरपश्चिममा स्थापित विभिन्न प्रकारका एफ.एम. बाट समेत देउडा गीतहरू गुञ्जायमान भइरहेका पाइन्छन् ।

हाल वर्तमान समयमा नेपाली समाजमा वाह्य संस्कृतिको प्रभावले देउडा गीतमा पनि केही प्रभाव परेको छ । विगत केही समयदेखि नेपालमा भित्रिन लागेका पप तथा चलचित्रका गीतले युवायुवती त्यतैतिर उन्मुख भइरहेका पाइन्छन् । देउडालाई जीवन्त राख्न यसको संरक्षण हुनु आवश्यक छ । यसको सम्बर्द्धन तथा उत्थानका लागि सामाजिक संघसंस्थाहरूले विभिन्न प्रकारका प्रभावकारी कदम चाल्दै देउडा गीतसँग सम्बन्धित ब्यक्तित्वहरूलाई प्रोत्साहित गरी त्यसको सन्देश भावी पिढीमा पुर्‍याउनका लागि अग्रसरता देखाउनु पर्ने देखिन्छ ।

## ३.३ देउडा गीतको संरचना

संरचना भन्नाले कुनै पनि बस्तुको स्वरूपलाई बुझाउँछ । वस्तुको स्वरूप निर्माण हुनका लागि त्यसको सम्पूर्णता दिन आवश्यक पर्ने अंग भन्ने बुझिन्छ । देउडा गीतको संरचनामा कुनै बोली वा भावनालाई गीत बनाउनमा सहयोग गर्ने अंगहरू भन्ने बुझिन्छ । देउडा गीतको संरचनामा निम्नलिखित अंगहरू पाइन्छन् ।

### ३.३.१ कथ्य

देउडा गाइने विषयको प्रसङ्ग वा विषयवस्तु नै यसको कथ्य भनिन्छ । गीतहरूले गीतको प्रसङ्गअनुसार सृजना गर्दै भट्याउँछ । सोही प्रसङगमा नै सवाल जवाफका क्रममा गौडो थाप्ने गरिन्छ । देउडामा कुनै न कुनै विषय रहेकै हुन्छ । देउडा गीतमा त्यही भन्न खोजेको कुरा वा विषय नै कथ्य हो । त्यस कथ्यलाई सुन्नेले बुझ्दछ । गीतको संगीत तत्वले गर्दा कहिले काहीँ कथ्य नबुझिए पनि श्रोतालाई आनन्दको अनुभव हुन्छ । यही विषय प्रसङ्ग र व्यक्त हुने सन्देशलाई नै देउडा गीतको कथ्य भनिन्छ ।

### ३.३.२ भाषा

भाषा कुनैपनि साहित्यको एक ज्यादै महत्वपूर्ण तत्व हो । बाजुरेली देउडा गीतमा पनि नेपाली भाषा ओरपच्छिमा भाषिकाको प्रयोग भएको पाइन्छ । गीतको भाषा सामान्य बोलीचालीको भाषा भन्दा फरक हुन्छ लय, छन्द, अन्त्यानुप्रास सन्दर्भ मिलाउनु पर्ने हुँदा नेपाली हिन्दी, संस्कृत जस्ता शब्दहरू पनि आंशिक रूपमा प्रयोग गरिएका छन् । यस्ता गीतहरू धेरै समयदेखि मौखिक परम्परामा रहेर हसान्तरित हुदै आएका छन् । तसर्थ यसमा भाषाको पुरानो रूप पनि बाँकी रहेको देखिन्छ ।

### ३.३.३ चरण वा पद

देउडा गीतको संरचनामा पद र चरणको पनि आवश्यकता पर्दछ । यसको एक चरणमा दुई पद हुन्छन् र दुई चरण पुरा भएपछि एउटा गीत पुरा हुन्छ । प्राय एउटा चरणको अर्को चरणसंग तुक मिलाएको हुन्छ भने केही गीतहरूमा दुवै चरण प्रसाङ्गिक रूपले सम्बद्ध देखिन्छन् । केही गीतमा एउटा चरणको प्रसङ्ग अलग र अर्को चरणको प्रसङ्ग अलग हुन्छ । यस्तो गीतमा एक चरणले अर्थ प्रसङ्गअनुसार दिन्छ भने अर्को चरण लाई लय मिलाउनको लागि मात्र प्रयोग गरिएको हुन्छ । एउटा गीतमा दुई चरण र दुई पाउ हुन्छन् ।

जस्तै : धामी लेक धामीज्युका, हातभरी बाला ।
दुःखारिका दिनैपन रातभन्दा काला ॥

### ३.३.४ लय वा भाका

लय वा भाका भनेको देउडा गीतको स्वरसंगठन हो । एउटा गीतलाई विभिन्न लय वा भाकामा गाउन सकिन्छ । बाजुरेली लोक जीवनमा गीत गाउने खास शैली नै भाका हो । गीत गाइने शैलीमा विभिन्न थेगाहरू प्रयोग गरिन्छन् । । यस्ता थेगाहरूमा छमक्क  छमक्क, ए बौजु, भिनाजु आदि हुन् भने थेगो प्रयोग नगरेर एकोहोरो रूपमा गाइने भाकालाई ठाडीभाका भनिन्छ । यस्तो गायन एकल र दोहरी हुन्छ ।

### ३.३.५ छन्द

अन्त्यानुप्रास युक्त साहित्यिक अभिव्यक्तिमा कुनै न कुनै लोक छन्द रहेको हुन्छ । धेरै जसो देउडा गीतहरू निश्चित रूपमा बाँधिएका हुन्छन् भने केही छन्द नमिलेर लयमा मात्र रहेका हुन्छन् । प्राय देउडामा १४ अक्षरको एक चरण हुन्छ । जसमा दुई पाउ र दुई चरण गरी पुरा गीत ८ अक्षरको र दोस्रो पाउ ६ अक्षरको हुन्छ । चार पाउ र दुई चरण गरी पुरा गीत २८ अक्षरको हुन्छ । जस्तै :

मालुवा पहडा पस्यो हिउँपानी पिउँभनी ।
वैरीमाया रोज बस्यो परानी लिउ भनी ॥

## ३.४ देउडा गीतको प्रयोजन

देउडा गीत बाजुरेली लोकसाहित्यको महत्वपूर्ण विधा भएकोले यसको प्रयोजनबारे विचार गर्नु पनि सान्दर्भिक हुन्छ । देउडा गीतका प्रयोजन यस प्रकार रहेका छन् ।

### ३.४.१ आनन्दको अनुभव

गीतको प्रयोजन नै आनन्दको अनुभव गर्नु गराउनु हो । देउडा गीतले मान्छेलाई सर्वोच्च आनन्द प्रदान गर्दछ । लोकमानसको अभिव्यक्ति, सरल भाषा, सरस शब्दावली, सुरिला लय र संगीतका साथ प्रस्तुत हुँदा व्यक्तिले दुःख दैन्य र अभावहरूलाई विर्सेर आनन्दको अनुभव गर्दछ । यसप्रकारको आनन्दको अनुभव विभिन्न रूपका संस्कार र पर्वहरूका अवसरमा गाइन्छन् ।

### ३.४.२ अनुष्ठान सम्पादन

बाजुरेली समाजमा देउडागीतका अभावमा जीवन संस्कारहरू पूर्ण हुँदैनन् ।  गीतहरूबाटै धार्मिक क्रियाकलाप सम्पन्न हुन्छन् र संस्कारका  विधिविधान पुरा गरिन्छन् । छैटी,विवाह, व्रतबन्ध, दशैं, मकर सक्रान्ति, अन्य स्थानिय पर्व मेला देउडाको अभावमा रमाइला बन्दैनन् ।

### ३.४.३ समसामायिक लोकजीवनको अभिव्यक्ति

समाजको चित्रण, समाजले गरेका कर्म र भोगेको दु:ख सुखहरूको देउडामा बयान हुनुका साथै व्यक्तिले पनि आफ्ना मनका भावना अभिव्यक्त गर्दछ । यस्ता अभिव्यक्तिमा व्यक्तिगत अनुभूति मात्र नभई पुरै समाजको अनुभूति पनि व्यक्त भएको हुन्छ । राणाशासनमा जनताले झेल्नुपरेको पीडाको अभिव्यक्ति, नेपालमा चलेको द्वन्द्वको अभिव्यक्ति देउडा गीतमा प्रतिध्वंनित भएको पाइन्छ । जस्तै :

भु ऐले भुकम्म ऐले भुमिसुधार ऐले ।
अमरीकाको बेसा खानु, भयो होकी कैले ॥

### ३.४.४ सामूहिक गायनको प्रयोग

सामूहिक भावनाको विकास सामूहिक रूपमा गायन हुनु देउडा गीतको प्रमुख वैशिष्ट्य हो । मेलापात र जात्रा धेरै मानिसहरू एक आपसमा एउटै ठाउँमा जम्मा भएर सबैले आपसमा मिलेर गाउँने नाच्ने गर्दछन् । यस्तो सामूहिक नृत्य तथा गायनले सामाजिक एकता र मेलमिलापमा पनि सहयोग पुऱ्याउँछ । जस्तै :

मौकाले भयाको भेट सवै लाग खेल ।
आज् भयो सवैको दर्शन बौला झन्का रेल ॥

## ३.५ देउडा गीतको महत्व

बाजुरा जिल्लामा गाइने विभिन्न गीतहरूमध्ये सर्वाधिक र लोकप्रिय देउडा गीत अलिकति अवसर पाउने वित्तिकै प्रत्येकका मुखबाट देउडाका भलबग्न थाल्छन् । देउडा खेल्ने मानिसहरू कुममा कुम मिलाएर, हातमा हात, स्वरमा स्वर र पाइलामा पाइला मिलाएर शरीरलाई मर्काउदै

देउडा खेल खेल्छन् । यसरी लोकमानसमा छताछुल्ल रूपमा रहेको देउडा गीतको महत्वलाई निम्न वुँदामा प्रकाश पार्न सकिन्छ ।

(क) अन्तहृदयका कुरालाई प्रस्फुटित गर्नु,

(ख) सांस्कृतिक तथ ऐतिहासिक महत्व,

(ग) सामाजिक महत्व,

(घ) धार्मिक महत्व,

(ङ) प्राकृतिक महत्व ।

## ३.६ बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको वर्गीकरण

लोकसाहित्य जनवीवनको वाह्य र आन्तरिक दुवै पक्षको यथार्थ प्रतिविम्ब उतार्ने ऐना हो । तसर्थ देउडा गीतमा पनि विविध मान्यता र जीवन दृष्टिहरू समेटिएका हुन्छन् । विविध पक्षलाई ओगटेको देउडा गीतको वर्गीकरण पूर्णरूपले गर्न त साहै गाह्रो छ तापनि बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको वर्गीकरण निम्न  आधारमा गर्न सकिन्छ ।

### ३.६.१ सहभागिताका आधारमा

देउडा गीतको गायनको क्रममा सहभागी हुने आधारलाई नै सहभागिताको आधार मानिन्छ ।यस आधारमा देउडा गीत निम्न तीन प्रकारका पाइन्छन्

#### ३.६.१.१  एकल देउडा गीत

कुनै पनि व्यक्ति विशेषले आफ्ना मनका वहहरूलाई व्यक्त गर्दछ  भने त्यस्ता गीतहरूलाई एकल गीत भनिन्छ । यस्ता गीतहरूमा अभिनय पक्ष नगण्यमात्रामा रहन्छ भने गीतको भाका तथा लयात्मकता प्रमुख रूपमा देखा पर्दछन् यस्ता गीतहरू बटुवा, घाँसकाट्ने घँसारी, दाउरा ल्याउने दाउरेडी, बन पाखा मेलापातमा गोठालाहरूले गाउने गर्दछन् । उदाहरण :

कि लेख ऐसेलु नहुन कि औल धान नहुन् ।<br>
कि पाल्त न्याउला नहुन् कि सुन्न्या कान नहुन् ॥

### ३.६.१.२ दोहोरी देउडा गीत

दुई वा दुई भन्दा बढी व्यक्तिहरू मिलेर एक आपसमा पालोपालो गरी गाउने देउडा गीतलाई दोहोरी देउडा गीत भनिन्छ । यस ढङ्गमा गीत गाउने व्यक्तिहरू दुई पक्षमा विभक्त हुन्छन् । यस्तो देउडामा गीत गायन र खेल दुवै हुने गर्दछ । जसमा गीत भन्ने गीतेरु दुईजना हुन्छन् । यस्ता गीतमा एक अर्कालाई परास्त गर्ने अभिप्राय हुन्छ । दोहोरीमा प्रश्नोत्तर, बादबिवाद संवाद भलाकुसारी आदि हुन्छ । जसको नमूना यसरी प्रस्तुत गर्न सकिन्छ :

केटा : वचन छ कलेजी खान्या बोली साह्रै मीठो ।
पाकेका सुन्तला दाना क्यान हुन्छै तीतो ॥

केटी : मेरा मुखी क्या हेर्दाछौ क्या छ साइका मन ।
अर्का सुन्तला बाडी जन लाग्या मन ॥

केटा : जिन्दगी दुईदिनको चोला आज होकी भोलि
क्या गर्दिछौ मैना चरी त्यति रुखो बोली ॥

केटी : दूधका उमालामाथि क्या घुम्दो हो माखो ।
नपाइन्या हजारी फूल क्यान लाउनु आँखो ॥

### ३.६.१.३ सामूहिक देउडा गीत

देउडामा धेरै व्यक्तिहरू सहभागी भई खेलिने र गाउने प्रकृयालाई सामूहिक देउडा गीत भनिन्छ । यसमा प्राय : खेल नै खेलिन्छ । गीतेरु भने धेरै ४।५ जना पनि हुन सक्छन् । गीत गाउने वा स्वरमा स्वर मिलाउने व्यक्तिहरू कम्तीमा १५।१६ जना देखि एक दुई सयसम्म पनि हुनसक्छन् । समूहमा गीत गाउँदा वा खेलिदा एउटै गीतलाई एकै स्वरमा धेरै व्यक्तिले एक साथ गाउँछन् । जस्तै :

साउको रिन रैजान लाग्यो, जीन्दगानी भरी ।
म भन्या विदेश जान्छु, बसेइ मैना चरी ॥

यी मेरा मनका कुरा, भनेर खोइ होला ।
व्या भया एक वर्ष भयो, न गया के होला ॥

### ३.६.२ लय का आधारमा

लय वा भाकाका आधारमा देउडा गीतलाई निम्न दुई भागमा बाँड्न सकिन्छ ।

#### ३.६.२.१ ठाडी भाका

प्राय एक जना व्यक्तिले मात्र कुनै थेगोको प्रयोग नगरी एकोहोरो रूपमा गाउने गीतलाई ठाडी भाका देउडा गीत भनिन्छ । ठाडी भाकामा चर्को स्वर हुन्छ र थोरै समयमा पनि धेरै गीत गाउन सकिन्छ । ठाडी भाका गीतको नमूना यसप्रकार छ :

पुनिका उज्याली रात तारा मधुरै छन् ।
जीवनको भरोसा छैन लक्ष्य अधुरै छन् ॥

#### ३.६.२.२ थेगो प्रयोगको भाका

देउडा गीतमा कुनै न किसिमका थेगोहरू प्रयोग हुनसक्छन् । देउडा गाउँदा थेगो स्थायी रूपमा रहेको हुन्छ । यसको योग एक पंक्तिमा एकैचोटी वा दुईचोटी पनि हुनसक्छ । पंक्तिको आदि र अन्त्यमा पनि थेगो रहन्छ । थेगो स्थान सम्बन्धि नाता सम्बन्धी, मायाप्रेम सम्बन्धी रहेका हुन्छन् । बाजुरा क्षेत्रमा गीतमा प्रयोग हुने थेगोहरू छमक्क छमक्क, कठैदैन । क्याट्टकिर्किट्टिकट्टम, खप्तड निगाली, ए बौजु आदि हुन् । जस्तै :

कठैदैन न छोरीलाई अंश दिन्या न छोरी पढाउन्या ।
कठैदैन हिउद छोरी घास कटाउन्या वर्खा गाइ चराउन्या ॥

### ३.६.३ विषयवस्तुका आधारमा

देउडा गीतले सम्प्रेषण गर्ने सन्देशको आधारमा यसको विषयलाई छुट्याउने गरिन्छ । यसको प्रयोग खासगरी सामाजिक, पौराणिक र राजनैतिक आदि जस्ता विषयलाई अँगाल्दछ । यस्ता विषयवस्तुको वर्णन निम्नानुसार गर्न सकिन्छ ।

#### ३.६.३.१ सामाजिक विषयका गीत

समाज प्रचलित रीतिरिवाज, चालचलन, भेषभूषा, शासन, प्रशासन र शोषण जस्ता सामाजिक चित्रण गर्ने देउडा गीतका साथै छोरीका विलौना शोषण विरोधी गीत, जातिपातिको

आधारमा गरिने भेदभाव विरुद्धका गीत विभिन्न चाडपर्वमा गाइने गीत, आशिर्वादका गीतहरू आदि पर्दछन् । जस्तै:

बर्तठूलो एकादशी तीर्थ ठूलो काँशी ।
छोरीको जन्मनै होइन हुनुपर्ने दासी ॥

### ३.६.३.२ ऐतिहासिक गीत

ऐतिहासिक तथा विगतका घटनाहरूको वर्णन गर्ने गीतलाई ऐतिहासिक गीत मानिन्छ । यस अन्तर्गत साँध सीमानाका गीत, राजा महाराजा तथा वरिष्ठ व्यक्तिहरूका सवाई, स्थान, परिचय, वंशावली, काटमार तथा विगतका घटनाको वर्णन गरिएका गीत आदि पर्दछन् । जस्तै :

बाइसी चौबीसी राज्य एक राज्य मिलायो ।
नाम पनि पृथ्वी रैछ पृथ्वी जमायो ॥
उनासी सालमा जन्म्या एकतीसमा मरिग्या ।
नेपाल आमाको मुहार उज्यालो अरिग्या ॥

### ३.६.३.३ पौराणिक विषयका गीत

पौराणिक ग्रन्थहरूमा उल्लेख भएका घटना, कथा र व्यक्तिको वर्णन गर्ने गीतलाई पौराणिक गीत भनिन्छ । जस अन्तर्गत रामायण, महाभारत, देवीभागवत आदि ग्रन्थका कथाहरू तथा शिव, रामचन्द्र, कृष्ण, पार्वती, सीता जस्ता व्यक्तित्वहरूका बारेमा उल्लेख गरिएका हुन्छन् । जस्तै :

सीता रनी अशोक वन, राम रदा जंगल ।
खबर लैजा हनुमान कुशल मंगल ॥

माखन चोऱ्यो दही चोऱ्यो दूध पनि चोऱ्यो ।
सवैथोक चोरी सक्यो प्राण पनि चोऱ्यो ॥

### ३.६.३.४ राजनैतिक विषयका गीत

स्वदेश तथा विदेशमा प्रचलित समामायिक राजनैतिक दल, राजनीति गर्ने नेताहरू, उच्चपदस्त व्यक्तिहरूका बारेमा प्रकाश पार्ने गीतहरूलाई राजनैतिक विषयका गीत भनिन्छ । यसमा

समसामयिक राजनैतिक घटना र विवरण नेताहरू लाई क्षण हाल्ने गरिन्छन् । नेताहरूले पनि प्रचारप्रसार समेत गीतमा गर्ने समेत कार्य गरेका हुन्छन् । जस्तै :

भोट माग्न घरघर जान्ना तम्राइ हुँ भनन्ना ।
जीतिवर नेता भया क्यान मुख बोलन्ना ॥

### ३.६.३.५ प्रेमसम्बन्धी गीत

देउडा गीत प्रेमी र प्रेमिका बीचको आत्मामा रहेको मायाप्रेमलाई अभिव्यक्त गर्ने माध्यम हो । सटिक ढङ्गमा मुटुमा गुम्सिएर रहेका प्रेम भावनालाई आफ्ना मायालुसम्म सम्प्रेषण गर्न पाउँदा ती प्रेमी प्रेमिकाहरू देउडालाई धेरै मनपराउँछन् । यसमा माया प्रेमका देउडा गीतहरूमा लोग्ने स्वास्नीका बीचमा हुने प्रेम, साथी साथी वीचमा हुने प्रेम आदि भावनाका  गीतहरू पर्दछन् । जस्तै :

जुनलाग्या मार्तडी जिउला तारा लाग्या सेरी ।
वैरीमन परानी लिउँला माया लाग्या तेरी ॥
टाढा भया सौराइ लाग्न्या भेटभया रिसाउन्या ।
को बैरी अन्तर पस्यो कलेजी विभ्काउन्या ॥

### ३.६.३.६ श्रम सम्बन्धी गीत

काम गर्दा थाकेको अवस्थामा मनमा प्रफुल्ल आएको समयमा कामदारहरू कामसँगै केही गीतहरू गाउँछन् जसलाई श्रम गीत भनिन्छ । यस्ता गीतहरूमा गाई,भैँसी  चराउदाका गीत रोपाइँ गर्दाका गीत वा असारे गीत, घाँसदाउरा गर्दाका गीत र धान काट्दाका गीत पर्दछन् । जस्तै :

असौज धानकाट्न्या बेला दन्क मेरी आँसी ।
हिडुँकी जोगीका साथ घरबारकी फाँसी ॥

### ३.५.४ भाषाका आधारमा

साहित्यको मुटु नै भाषा हो । लोकसाहित्य जनसाधारणको साहित्य भएकाले यसमा प्रयुक्त भाषा पनि जनसाधारणको भाषा नै हुन्छ । देउडा गीत पनि बढी जस्तो खस भाषामा नै हुन्छन् भने केही मात्रामा अन्य भाषाका शब्दहरू पनि रहन्छन् । भाषाको आधारमा देउडा गीतलाई निम्न भागमा बाँड्न सकिन्छ ।

### ३.५.४.१ विशुद्ध स्थानीय भाषा प्रयोगका गीत

देउडा गीत स्थानीय भाषामा गाइने लोक साहित्यिक विधा हो । देउडामा प्रयोग हुने भाषा गाउँगाउँमा पनि फरक हुनसक्छ । यसको प्रचलन रहेको क्षेत्र कर्णालीदेखि पश्चिममा नेपाली भाषाका भाषिकहरू माभ्फाली, ओरपच्छिमा र मभ्फपच्छिमा वर्गहरू पर्दछन् । जसका कारण देउडा गीतमा पनि भाषिक प्रयोगका आधारमा विविधता आउनु स्वभाविकै हो । भाषिक प्रयोगमा विविधता भएको हुनाले नै एउटै सन्देश र संरचना भएको गीतमा पनि फरक फरक शब्द पाउन सकिन्छ तर धेरै जस्तो यस्तागीत स्थानीय भाषामा नै हुन्छन् । जस्तै :

आधा दिन घाम लागिजाउ बादल फाटिजाउ ।
साइका मुख डिठ पडिजाउ सौराडी काटिजाउ ॥

### ३.५.४.२ अन्य तत्सम आगन्तुक शब्द प्रयोगका गीतहरू

देउडा विशुद्ध स्थानीय भाषामा गाइने गीत भए तापनि यसमा लय, सन्दर्भ अन्त्यानुप्रास मिलाएर तत्काल रचना गर्नुपर्ने भएकोले र केही शिक्षित मान्छेहरू स्थान बाहिर बस्ने हुनाले त्यस्ता व्यक्तिहरूले प्रयोग गर्ने भाषामा नेपाली संस्कृत लगायतका अन्य भाषाको पनि प्रयोग हुन्छ , जस्तै :

कण्ठ शोभा शुशिल बोली हस्त शोभा दान ।
चक्षु शोभा राम्रो दृश्य कान्को शोभा ज्ञान ॥
आलुथी पट्याटो भन्दा प्याज थिनी कान्दा ।
ज्यान भ्फुरी माछीको काँडो साइको माया मान्दा ॥

## ३.६ रसका आधारमा

देउडा गीतपनि एक साहित्य हो । साहित्यमा रस हुन्छ । रसबिनाको साहित्य निष्प्राण हुन्छ । रस भन्नाले आन्तरिक भावनालाई बुभ्फाउँछ । देउडामा पनि विभिन्न रसहरू हुन्छन् । रसको आधारमा देउडा गीतलाई यसरी विभाजन गर्न सकिन्छ ।

### ३.६.१ श्रृङ्गार रस सम्बन्धी गीत

प्रेमी प्रेमिकाको आत्मामा रहेको प्रेमभावनालाई अभिव्यक्त गर्ने देउडा गीतलाई श्रृङ्गार रस भनिन्छ । श्रृङ्गार रस पनि विप्रलम्भ र सम्भोग गरी २ प्रकारका हुन्छन् ।  जस्तै :

**विप्रलम्भ श्रृङ्गार**

मेरा स्वामी घर लाइदे, विदा दिइहाल सेट ।
कैले भगवान बाटो दिन्ना, कैले होला भेट ॥

**संभोग श्रृङ्गार**

शिकारी बारुद भट्टो, बन्दुक छुचिमी ।
भैजान्छु चौअन्नी माला, वस्तछु चुचिमी ॥

### ३.६.२ करुण रसका गीत

कसैको दुःखमा समवेदना प्रकट गर्नु नै करुण रस हो । देउडा गीतमा पनि करुण रस रहन्छ ।

अहिले हैन नौ साल भयो बन्डाल बाघलागि ।
जोवन वाइगो खाँती रैगो क्या हिरा दाख लागि ॥

चैतका रिउर्‍याँउदा धुप गर्मी भयो बढी ।
म मान्दो जात्तिकै सौराइ कलि भैगै टेढी ॥

### ३.६.३ शान्त रस सम्बन्धी गीत

धैर्यता धारण गर्न शान्त रहन उपदेश दिने भावनाले मुछिएको गीत शान्त रस हो । जस्तैः

भाग्यमा पऱ्याको फूल शिरमा पैरनु ।
जुन दुःख ईश्वरले दियो उनै दुःख सैरनु ॥

कमल दानी निगालाको छापदानी छालाको ।
दिन काट्नु सवैले पर्छ आआफ्नो पालाको ॥

### ३.६.४ अद्‌भूत रस सम्बन्धी गीत

यस गीतमा विचित्र किसिमको रूप भएको मान्छे आलम्बन विभाव हो भने यसका हाउ, भाउ, रूप, रंग आदि उद्दीपन विभाव हुन् । मान्छे वाल्ल पर्नु, काम्नु मान्छेको आवेग, शंका, चिन्ता आदि गीतका व्यभिचारी भाव हुन् ।

तेरो रूप अनौठो देख्छु अरुका त ठूला ।
सम्झन्छु अनौठो मान्छे सुँवराइका कुला ॥

### ३.६.५ वीभत्स रस सम्बन्धी गीत

यस्ता गीतमा घृणा भाव व्यक्त भएको हुन्छ । जस्तै :

कपाल भरी जुम्रा लिख्खा कुरा गर्दो बडी ।
शरीर तेरो गन्ध आउन्या जंगेलाउँदो झडी ॥

प्रस्तुत गीतमा सुरुवालमा दिसा गरेबाट ग्लानी उत्पन्न भएको छ । नाक खुम्च्याउनु, थुःथु गर्नु गन्ध आउनु अनुभाव हुन् ।

### ३.६.६ वीर रसका गीत

कुनै पनि कार्य गर्नमा उत्साह देखाउने रसलाई वीर रस मानिन्छ । बल र शक्तिका कारण वीर रस उत्पन्न हुन्छ । देउडा गीतमा पनि यस्त उत्साहपूर्ण गीत रहेका छन् । जस्तै :

आउँछु कोल लाउँछु प्रिती जसो हुन्छ होला ।
लायो प्रिती छोड्न्या छैन ज्यानै बरु जाला ॥

# चौथो परिच्छेद

# बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको विश्लेषण

बाजुरा कुण्डा क्षेत्रमा देउडा गीत सर्वाधिक लोकप्रिय र प्रचलित गीत हो । परापूर्वकाल देखि नै मौखिक परम्परामा एक अर्कामा हस्तान्तरित हुदै आएको र गाउँ गाउँ, घरघर र व्यक्तिव्यक्तिका हृदयमा देउडाले बास गर्दै आएकोले यसको भण्डार ज्यादै समृद्धशाली रहदै आएको छ । तर पहिलाका सबै गीतहरू लिपिबद्ध नभएकाले अहिले तिनिहरूलाई भेटाउन सकिदैन । यो समयको पर्वाहमा निरन्तर बगिरहने परिवर्तनशील, मुखमुखमा रचित र वितरित एक स्वच्छन्द लयात्मक अभिव्यक्ति हो । सुख- दुःख, व्यथा- वेदना, रिस- डाह, घोचपेच, माया, पिरतीको भावनानुभूति पाइने देउडा गीत बाजुरा जिल्लाको कुण्डा क्षेत्रमा युवा-युवतिको दोहोरी, जात्रा, चाड पर्व, विबाह, ब्रतबन्ध, छैटी, उत्सव, मेला, पात, घासँ दाउरा , बनपाखा गाई भैसी, भेडा बाखा, गोठ, रोपाईं, गोडमेल, देवी देवताको पूजाआजा आदिमा विभिन्न प्रकारका देउडा गीत खेल खेल्ने गरिन्छ । देउडा गीतलाई प्रयोगमा ल्याउन समूह नै हुनुपर्छ भन्ने बाध्यता हुदैन । जुनसुकै समय देउडा गीत जहाँ पनि प्रयोग गर्न सकिन्छ । गीत गाउँदा थेगो प्रयोग नगरेर पनि गाउन सकिन्छ र कुनै गीतलाई प्रयोग गरि गाइन्छ । स्थानीय भाषामा जसलाई भाका भनिन्छ । अशिक्षित ग्रामीण बालकदेखि बृद्धसम्म सवैको जिब्रोमा टपक्क टप्कने परिवेश अनुसार सिर्जना गरेर गाउन सकिने देउडा गीतको बनोट शास्त्रीय नियममा आधारित नभएर झ्याउरे छन्दमा लोक कविको हृदयमा गीतको संरचनाको स्वतः सिर्जना हुन्छ । दुई हरफमा मिलेर एक गीतको संरचना हुने देउडा गीतहरू द्विपदीय र अन्त्याप्रासयुक्त हुन्छन् । देउडा गीतका दुईहरफ हुन्छन् जसलाई गीतमा पाउ भनिन्छ ।

यस क्षेत्रमा परापूर्वकालदेखि गाईंदै र खेलिँदै आएको देउडा गीत बालकदेखि बूढाबूढी सबैले समयको गतिसगै विविध विषयबस्तुलाई विविध लयमा अंकन गर्दै आएका छन् । सामाजिक, जनजीवन, प्राकृतिक अवस्था, ऐतिहासिक घटनावली जस्ता परिवतर्वनशील विषयबस्तुलाई समेटेर लोककविहरूका मष्तिष्कबाट गीतहरू सिर्जित भएर गुञ्जिएका हुन्छन् । यस क्षेत्रमा गाईने देउडा गीतलाई सुक्ष्म रूपले अध्ययन गर्दा युवा युवतिको दोहोरी , जात्रा, चाडपपर्व, विवाह ब्रतबन्ध , छैटि उत्सव आदिमा विभिन्न प्रकारका देउडा गीतहरू गाइदै र खेलिदै आएका पाइन्छन् । देउडा गीतका प्रकार पानीका मूल जस्तै छन् । देउडा गीतले त्यँहाको समग्र पक्षलाई समेटेका छन् । यस्ता विभिन्न प्रकारका देडा गीतलाई निम्न तरिकाले विश्लेषण गर्न सकिन्छ ।

➢ विषयवस्तुका आधारमा

➢ प्रस्तुतिका आधारमा

➢ शैलीका आधारमा

➢ सन्देशका आधारमा

➢ स्थानीयताका आधारमा

➢ साहित्यिकताका आधारमा

➢ रसका आधारमा

## ४.१ विषयबस्तुका आधारमा देउडा गीतको विश्लेषण

बाजुरा जिल्लाको कुण्डा क्षेत्रमा देउडा गीतले बालकदेखि बृद्धसम्म सबैका मनका अभिव्यक्ति र अनुभुतिका सवै विषयबस्तुलाई समेटेको पाइन्छ । ऐतिहासिक, सामाजिक, आर्थिक, पौराणिक, माया प्रेम, सामाजिक चालचलन, धार्मिक परम्परा, भेषभुषा, नीतिनियम जस्ता कुराहरू समेटिएका हुन्छन् । मानवीय जीवनमा आईपर्ने दुःख- सुख, हर्ष- विस्मात, आँसु- हाँसो, उकाली- ओराली, मिलन- विछोड, प्रेम -प्रणय जस्ता उमङ्ग र वेदनाका कुराहरू देउडा गीतका शब्दमा संयोजन गरिएका हुन्छन् । यस्ता देउडा गीतहरूमा नारीले भोग्नु परेको पीडा तथा समाजमा देखिने विकृति विसंगति जस्ता सामाजिक जनजीवनका सम्पूर्ण कुराहरू तीतामीठा कुरालाई समेटेर सुमधुर स्वर गुञ्जिएको हुन्छ । विषयवस्तुका आधारमा देउडा गीतलाई निम्न आधारमा विश्लेषण गर्न सकिन्छ ।

### ४.१.२ सामाजिक देउडा गीत

हाम्रो समाजमा रहेका परम्परागत मान्यता र संस्कृतिलाई झल्काउने भाव भएका गीतलाई सामाजिक जनजीवनमा आधारित गीत मान्न सकिन्छ । यस्ता गीतहरूमा यस क्षेत्रको रहनसहन, भेषभुषा, जातजाति, परम्परागत मान्यतालाई झल्काउने गीतहरू पर्दछन् ।

यहाँका भेषभुषा र गरगहनाका सम्वन्धमा वर्णन भएको गीत यस प्रकार छ । जस्तै :

कान राम्रा तोला सुन हात राम्रा वाला ।<br>
टाटुमा टल्कन लाग्यो चौअन्नीको माला ॥

माथि चोलो कटराईको उदौं गामन जिन ।<br>
मनको वैरी मायाजाल धनको बैरी रिन ॥

यसका साथै कुण्डा क्षेत्रमा मनाइने चाडपर्वको वर्णन पनि देउडा गीतमा पाईन्छ । जस्तैः

दसैं, तिहार, विसु , माघी ,भुवो, खौँ ,साउनपुनी ।
कुण्डाका हुन मुख्य चाड हेर्न आईजाउ पनि ॥

कुण्डा क्षेत्रको कोल्टीमा लाग्ने दसैंको जात्रा, भाइटीका, माघीसक्रान्ती, जगनाथको विसुपर्व, भुवो, धिमको खौँ र साउनपुनी यहाँका मुख्य चाडपर्व हुन् । यस्ता साँस्कृतिक मेलालाई हेर्न आउनुहोस भन्ने भाव व्यक्त भएको छ ।

### ४.१.२ पौराणिक देउडा गीत

हिन्दू धर्मका विभिन्न पौराणिक ग्रन्थहरू रामायण, महाँभारत, गीता, कृष्णचरित्रलाई विषयवस्तु बनाई रचिएका गीतहरूलाई पौराणिक गीत भनिन्छ । यस्ता गीतहरूका केही अंश यसप्रकार छन् । जस्तै :

रामराजा बनबासी भया कैकेयीका छलले ।
सीताजी अयोध्या फर्किन् हनुमानका बलले ॥

चौध वर्ष वनवास बसे राम लक्ष्मण सीता ।
कथा सुन्नु रामायणको ज्ञानकालागि गीता ॥

सत्यवादी युधिष्ठिर विदुर भया ज्ञानी ।
दुर्योधन महाकपटी कर्ण धेरै दानी ॥

उल्लेखित गीतांशमा अयोध्यापति राजा रामले उनकी सौतेनी आमा कैकेयीका षडयन्त्रले रामले वनवासी हुनु परेको, सीतालाई रावणले हरण गर्दा हनुमानको शक्तिले फिर्ता गरिएको भाव व्यक्त गरिएको । यस्तै गरी रामलाई चौध वर्ष वनवास भोग्नु परेको कुरा उल्लेख गर्दै कथा सुन्नको लागि रामायण पढ्नुपर्छ भने , ज्ञान बढाउन कालागि गीताको अध्ययन गर्नुपर्छ भन्ने कुराका साथै गीतका माध्यमबाट युधिष्टिर सत्यवादी, विदुर ज्ञानी,दुर्योधन कपटी र कर्ण दानी थिए भन्ने कुरा माथिका देउडा गीतहरूमा उल्लेख गरिएको छ । यस्तै गीताको दशौं अध्यायमा भगवान श्रीकृष्णको मुखारविन्दुबाट निस्केका वाणीलाई यसरी देउडा गीतमा उतारिएको छ ।

देवतामा ईन्द्र मै हुँ वृक्षमा पीपल ।
ऐरावत हात्ती मै हुँ मुनिमा कपिल ॥

यस्तै गीतामै आत्मा अविनाशी छ । यसको मृत्यु हुदैन भन्ने भनाईलाई देउडा गीतमा यसरी प्रस्तुत गरिएको छ ।

न त शस्त्र काट्छ आत्मा, न आगो जलाउँछ ।
न हावाले उडाईदिन्छ न पानी गलाउँछ ॥

## ४.१.३ धार्मिक देउडा गीत

कुनै पनि धर्मसँग सम्बन्धित भएर गाईने देउडा गीतलाई धार्मिक देउडा गीत भनिन्छ । हिन्दू, बौद्ध, मुस्लिम, आदि धर्म सँग सम्बन्धित गीतहरू यस बाजुरा जिल्लाको कुण्डा क्षेत्रमा गाईन्छन् । यस्ता गीतहरू उपदेश दिनकालागि तथा एक धर्मले अर्को धर्मको आलोचना तथा आफ्नो धर्मको गुणगान जस्ता धार्मिक भाव व्यक्त गरिएका हुन्छन् । जस्तै :

हृदयमा हरि पनि हातमा काम पनि ।
उजुनीको बाटो दिने नभुल्नु रामपनि ॥
हरि्बोल रामबोल पार तार्न्या बाटो ।
नर जीवन किन भयो पशु जस्तो लाटो ॥

प्रस्तुत गीतमा हाम्रो हृदयमा हरिको बास हुन्छ । हातले राम्रा असल कार्य गर्नुपर्छ । अर्को जुनिलाई सफल बनाउन रामको नामलाई जप्न छोड्नु हुदैन । रामलाई भुलेमा पछि चिन्ता होला, नरकमा पर्नु पर्ला, स्वर्ग जान पाइने छैन । मानवजीवनमा जन्म भएर पशुभैँ जीवन विताउनु हुदैंन भन्ने धार्मिक सन्देश दिन खोजिको छ ।

हटेरूको गल्लागल्ली कता लाग्या भात ।
गाईकाटी अल्लाको पूजा तिम्रो जन्मजात ॥
साथ सँगै बस्यापछि धेरै लाग्दो माया ।

तेरो चित्त बुझ्दैन क्या गु र मुत नखाया ॥

उपर्युक्त गीतहरूमा हिन्दू केटाले मुस्लिम केटीलाई गाई काटेर अल्लाहको पूजा गर्ने आक्षेप लगाईएको छ भने मुस्लिम केटीले हिन्दूहरूले गाईको गु र मुत ( दिसा पिसाव) खान्छन् भनेर घृणा भाव व्यक्त गरिएको छ ।

### ४.१.४ प्रेम प्रधान देउडा गीत

देउडा गीतको मूल विषयवस्तु नै माया प्रेम हो । प्रेमीप्रेमिकाको अन्तर हृदयमा टुसाउने प्रेम भाव तथा प्रेमीप्रेमिका एक अर्काका प्राप्तीकालागि आतुर देखिएको कुरालाई यस्ता देउडा गीतहरूमा प्रेमीप्रमिकालाई सम्बोधन गर्ने आफ्नै प्रकारका प्रतिकात्मक शब्दहरू पनि प्रयोग गरिएका हुन्छन् । प्रायः प्रेमीकालाई साई, बाज जस्ता शब्द र प्रेमीकाका लागि सुवा, मैना, दै, फूलबारी जस्ता प्रतीकारात्मक शव्दहरूको प्रयोग गरिएको हुन्छ । जस्तै :

केटा) फूल्दै र बारीका फूल आउँला पुल्ती भेष ।
नछुट्याई पीरमका डोरी दै पराईका देश ॥

केटी) बाह्रैमास फूल फुल्दो छ मेरा फूल बारी ।
याँ नभया प्रदेश जाँला मायाझाल नमारी ॥

प्रस्तुत गीतमा जव यौवनमत्ता केटा र केटीको भेट हुन्छ तब यौवनले फक्रेकी आफ्नी प्रेमीकालाई फूलले सजिसजाउ भएको फूलबारीसँग दाजेर फूलरूपी यौवनमा आफू पुतली बनेर आउने भाव व्यक्त गर्दै प्रेमको डोरी जीवित रहोस् भनेर केटीसँग रागात्मक भावको निवेदन गरेको छ । त्यसको जवाफमा आफ्नो यौवन बाह्रै महिना फुलिरहने फूलबारी हो । पुतली जहिले आएपनि फूलको रस खान पाउँछ भन्ने लाक्षणिक भाव व्यक्त गरेकी छे । यस्तै एउटा अर्को गीतमा पनि आत्मीय प्रेमीलाई प्राप्त गरेको खण्डमा भोक पनि नलाग्ने र सच्चा प्रेमी प्राप्ति नै सर्वोच्चता हो भन्ने मान्यता यसरी प्रकट गरिएको छ । जस्तैः

घर मेरो बाजुरा जिल्ला अञ्चल पऱ्यो सेती ।
साई देख्या भोक पनि भाग्दो चाहिने छैन खेति ॥
जून लाग्या मार्तडी जिउ्ला तारा लाग्या सेरी ।

बैरीमन परानी लिउला माया लाग्या तेरी ॥

यस्तै गरी देउडा गीतमा लोग्ने स्वास्नीको विछोडमा भएका प्रेम-प्रणयका रागात्मक भावना र वेदनाहरू पनि देउडा गीतका माध्यमबाट चिठ्ठीपत्रमा ओहोर दोहोर गरिन्छन् । जस्तै :

स्वास्नी : पिडालु पातको पानी खाउँ खाउँ भन्दा ढल्की ।
बाज गयो पराईका देश जोवन गयो ढल्की ॥

लोग्ने : खादै रहनु लाउदै रहनु पैंसा दिउला भारु ।
मन गऱ्याई मन्दिर जसो जोवन गऱ्याई फारु ॥

उल्लेखित गीतहरूमा रोदनपूर्ण भावुक र हृदयस्पर्शी अभिव्यक्ति देखिन्छ । जब काम शक्तिले तिर्खाएकी एउटी स्वास्नीले तिर्खा मेट्न नपाउँदै पिडालु पातको पानी झैं लोग्ने आफ्नो आलिङ्गनबाट छुट्टिएर दुई चार वर्षकालागि विदेशिन्छ । ऊ प्रतिदिन क्षीण हुँदै गएको जोवनको चिन्ता गर्छे । उता लोग्ने आफू पैसा कमाएर पठाउने विश्वास दिलाउँदै राम्रो लाएर मीठो खाएर भए पनि आत्मालाई मन्दिर झैं प्रवित्र राखेर यौवनलाई सुरक्षित राख्नु, धैर्य गर्नु र भरोसामा बस्न आग्रह गर्दछ । यस्तै गरी प्रेमीप्रेमिकाको बिछोडको वियोगमा तड्पिएर पत्राचारद्वारा ओहोर दोहोर गरिने केही देउडा गीत यस प्रकारका रहेका छन् । विदेशबाट घरमा प्रेमिकालाई ।

दै तेरा सपना देखी रुन्छु काली रात ।
सुख छकी दुःख छकी मेरी सुवा गाथ ॥

साउन हिलो माघ निलो सेती बग्दो नदी ।
बैशाखका चर्का घाम सुवा होली रुदी ॥
सुरसुऱ्या बालुवा वग्दो कर्णाली आसन ।
नउड्याई कस्तुरी विना रैऱ्याई बासन ॥

आजकाल मलाई झझल्की छ घर छोड्याका राती ।
आँखा आँसु पिठमा झोला दोस्रौ छैन साथी ॥
हिउँ परि गै चिसो भै गई म छु नैनिताल ।
एक बालक छोरीको माया दोस्रो मुगामाल ॥

प्रेमिकाले विदेशमा रहेका प्रेमीलाई
म चिठ्ठी पठाउँन्या छियाँ हातमा कलम नाइँ ।
सुख् सुखै छ दुःख् दुखै छ साई मेरा धेक्न्यानाई ॥

नेपाल चाखुडी कन पाल्पा बुन्यो खुडी ।
म भया आईजान्या छिया लवा साङ्ला चुडी ॥

आँसु पुछ्दै साई सम्झदै खाँदैछु भातपन ।
रुन्छु कठै बाजमुरेली साउनका रातजन ॥

जियान सुकि भाटो भैगो सुर्ता बोकी बोकी ।
कठैदैन बाजमुरली अन्तिम भेट होकी ॥

सावुनले सफा गर्नु काला कैला केश ।
माया मानी पुग्न्या छैन साई विराइना देश ॥

यसरी प्रेमीप्रेमिका बीच आ-आफ्ना भावना र मनका व्यथा वेदनाहरू पत्र मार्फत साटासाट गरिन्छ । युवा-युवती, लोग्ने-स्वास्नी, प्रेमीप्रेमिकाहरू घाँस दाउरा गर्दा होस् वा गाई भैसी चराउँदा वनजङ्गलमा भेट गरेर राती लुकेर देउडा खेल खेल्दा आ-आफ्ना मनोवेदनालाई देउडा गीत मार्फत एक आपसमा साटासाट गरिन्छ

### ४.१.५ ऐतिहाँसिक देउडा गीत

प्राचीनकालमा तथा वर्तमान समयमा घटेका घटनालाई अथवा राष्ट्रोउत्थानमा समर्पित राष्ट्रिय व्यक्तित्वको महिमामा आधारित भएर इतिहाससँग सम्बन्धित घटना, विषय र व्यक्तिलाई लिएर संगीतवद्ध भएका देउडा गीतहरू ऐतिहाँहिसिक देउडा गीत हुन् । शासकहरूले गरेका राम्रा नराम्रा कामहरूको पर्दाफास ऐतिहाासिक देउडा गीतहरूले गर्दछन् । यस्ता ऐतिहाँसिक देउडा गीतहरू किंवदन्तिमूलक पनि हुन्छन् । जस्तै :

सात साल फागुनका मैना प्रजातन्त्र आयो ।
नेपालका दाजु भाइले शान्तिको सास पायो ॥

छत्तिस सालको जनमत छयालीस आन्दोलन ।

शाही सरकारले दमन गर्दा धेरै गया ज्यान ॥

दश वर्षका माओवादी तीन वर्षका दल ।
उन्नाईस दिनमा प्रजातन्त्र जनताको पहल ॥

तीस वर्षको पंचायतिकाल जन्ताले दुःख पाए ।
विकास निर्माण केही भएन पैसा जति खाए ॥

त्रिसठ्ठीको लोकतन्त्रले राजालाई हटायो ।
जनताको संविधान गर्न चुनाव गरायो ॥

आन्दोलनमा निर्दोषमाथि गोली चलायाको ।
राजतन्त्रलाई पाप लागि गो जन्ता मरायाको ॥

उल्लेखित देउडा गीतले २००७ सालमा राणाशासनको समाप्ती र प्रजातन्त्रको उदय भएपछि नेपाली जनताहरूले शान्तिको सास फेर्न पाएको धारणालाई व्यक्त गर्दै पंचायति व्यवस्थामा जनताले दुःख पाएको, ३६ सालमा जनमत संग्रह भएको, ४६ सालको जनआन्दोलनमा धेरे नेपालीले शहादत पाप्त गरेको कुरा उल्लेख गर्दै राजतन्त्रको समाप्तीसम्मको ऐतिहाँसिक घटनालाई प्रस्तुत गरिएको छ ।

यसे गरी २०५८ सालको नारायणहिटी दरबारकाण्ड र राजा वीरेन्द्रको वंश विनाश सम्बन्धी विषय वस्तुमा आधारित देउडा गीत यस प्रकार रहेका छन् । जस्तैः :

राजघरमा गोली चल्यो अन्ठाउन्न साल ।
राजा भया स्वर्गेवास जन्ता परे जाल ॥

जेठ मैनाको उन्नाईस गते थियो शुक्रबार ।
राजघरमा गोली चल्यो साह्रै अत्याचार ॥

एउटा मैया दुई राजकुमार दुइटा राजारानी ।
दुश्मन काँबाटी आयो दशै गोली हानी ॥

दश परिवार दरबार मऱ्या एउटा रानी रारा ।
राजा मर्दा जनताका भए हाराबारा ॥

दरबारभित्र गोली चल्यो कसैले नजानी ।
दरबारका कोठा कोठा रगतकी खानी ॥

राजाका परिवार थिया कलीला टुसा झै ।
दुश्मनले मारिदियो थारुका मुसा झैं ॥

उललेखित गीतहरूमा २०५८ सालमा घटेको दरबार हत्याकाण्डको यथार्थ भाव वर्णन व्यक्त भएको पाइन्छ ।

यसै गरी नेपालमा तत्कालीन समयमा घटेको राज्यपक्ष र विद्रोही पक्षको युद्धमा जनताले भोग्नु परेका पीडा, मर्का र वेदनालाई देउडा गीतमा यसरी व्यक्त गरिएको पाइन्छ । जस्तै :

शाही सेनाका गोली गठ्ठा माओवादीका गोला ।
दुवै तर्फ मर्न लागे जन्ता कति होला ॥

गरिव दुःखी सहदै छन् धनिले भाग्दैछन् ।
नेपालको जनसंख्या घटाउन लाग्दैछन् ॥

कसैका हात खुट्टा भाँचे कस्कै फुटे खोरा ।
कस्कै रुँदा बाबुआमा कस्कै रुँदा छोरा ॥

एक पाटीमा दाजु गयो एक पाटी भाइ गयो ।
एकै घरका दाजु भाइको नहुनु आइगयो ॥

काग गिद्ध अघान लागे जनताका मासुले ।
नेपाल धर्ती भिज्न लाग्यो रगत र आँसुले ॥

## ४.२ प्रस्तुतिका आधारमा देउडा गीतको विश्लेषण

बाजुरा जिल्लाको कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतहरू विषयवस्तुका दृष्टिकोणले भिन्न भिन्नै देखिए झैं प्रस्तुतिकरणको तरिकाले पनि अलग-अलग किसिमका हुन्छन् । लोकगायकले गीत प्रस्तुत गर्दा आभूषणरहित भइकन एकल वा सामूहिक रूपमा देउडा गीत प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुतिका आधारमा यस क्षेत्रका देउडा गीतलाई निम्न आधारमा वर्गीकरण गर्न सकिन्छ ।

### ४.२.१ एकल देउडा गीत

एक व्यक्तिले मात्र एकोहोरो रूपमा आफ्ना अन्तरमनमा उठेका दुःख सुख तथा मनोगत भावनालाई देउडा गीतका माध्यमबाट गाउँनुलाई एकल गायनका देउडा गीत भनिन्छ । यस्ता गीतमा दोहोरो प्रसङ्ग हुदैन । प्राय. ठाडी भाका गाइन्छ । खोलानाला, वनजङ्गल, मेलापात, दाउरा, खेतबारीमा काम गर्दा वा गोठालो जाँदा जहाँपनि मधुर लयमा यस्ता गीत गुञ्जिएका हुन्छन् । यस्ता केही गीतहरू निम्नानुसार छन् ।

पूनीका उज्याली रात तारा मधूरै छन् ।
जीवनको भरोसा छैन लक्ष्य अधुरै छन् ॥

आसा लामो जीवन छोटो कुन दिनको मरण ।
नछुट्याई पीरमको डोरी त्यसैको पराण ॥

खाउँ भन्या खप्तडी विष नखाउँ आहारा नाइँ ।
मरी जाउँ त बाली बैस बाँचु साहारा नाइँ ॥

डाको लाया सुनिन्यानाई हेरु त देख्न्या नाइ ।
खरा धुप प्यास मेटाउन्या मूलान्या पानी नाई ॥

यसरी एकल रूपमा गाइने देउडा गीतहरू सानो वा ठूलो स्वरले विभिन्न लयमा वनपाखा घन्किने गरी गाइन्छन् । मन मिल्ने प्रेमीप्रेमिकाहरू नजिक-नजिक एक अर्काको स्वर सुन्ने ठाउँमा वसेर पनि आफ्ना मनमा टुसाएका रागात्मक भावनाहरूलाई देउडा गीतका माध्मबाट साटासाट गर्दछन् । प्रेमीप्रेमिकाहरू खुला समाजमा वा एकान्त वनजङ्गलमा एकल गीत गाएर आनन्द लिन्छन् ।

### ४.२.२ सामूहिक देउडा गीत

धेरै व्यक्तिहरू एक आपसमा मिलेर दुई समूहमा विभक्त भएर खेलिने देउडा गीतलाई सामूहिक खेल तथा नृत्य भनिन्छ । सामूहिक रूपमा गीत गाउँदा खेलाडीहरू दुई समूहमा विभाजन भएर एकले अर्काको हात समाउँदै कम्मर मर्काउँदै पाइलामा पाइला र स्वरमा स्वर मिलाएर बायाँबाट दायाँतिर घुम्ने गर्दछन् । खेलको दुवै समूहमा एक-एक जना गीतकार हुन्छन् । जसलाई

स्थानीय भाषामा खेलाउडो भनिन्छ । तिनै खेलाउडा अर्थात टोली नेताले ठूलो स्वरमा गीतलाई भट्टयाउँछन् र त्यसपछि उसको समूहभित्रका सबैले स्वरमा स्वर मिलाएर गीत गाउन थाल्दछन् । यसरी दुई समूहमा विभाजन हुने यस्ता देउडा खेलमा वादविवाद, भलाकुशाली आदि कुरालाई समेटिएका हुन्छन् । सामूहिक गीतहरू समाजमा रहेका देखिएका विकृति, विसंगति, शोषण, भ्रष्टाचार रुढीवादी  जस्ता कुरालाई उजागर गर्ने खालका हुन्छन् । गीतमा एक पक्ष र अर्को पक्ष बीच सवाल जवाफ गर्दै जाँदा हारजीतपनि हुने गर्दछ । विजयी खेलाडीलाई पुरस्कार दिने सम्मान गर्ने पनि गरिन्छ । यस्ता गीतहरू चोटिला र तेजिलां हुन्छन् भन्ने कुरा गीतको भावनाबाट व्यक्त भएको छ ।

समूह (क)

एकचोटी हुक्कान्या बल्द जुजीकन छोड्छ ।
साच्चै लडाई गऱ्यापछि किल्ला पनि तोड्छ ॥

समूह (ख)

सिगै जोड्न नदिकन खेदी बाउँ रडाउँला ।
छ महिना वर्षदिनसम्म घाँस हाल्नु गराउँला ॥

यस्तै एक जना गाउँको पुलिस र शिक्षक बीचको गीतिमय सम्वाद यस्तो रहेको छ ।

शिक्षक नेपाल रानीको लाइन्या सुनकै तिलहरी ।
नखानु पुलिसको जागिर ज्यानकै बिलहरी ॥
पुलिस- खानैन मास्टरको जागिर खायापै हेड हुनु ।
स्कूल हेड भया चाँहि त कुल्लीको मेट हुनु ।

उपर्युक्त देउडा गीतमा शिक्षकले प्रहरीको जागिर खाँदा धेरै संकट भोग्नु पर्ने उच्च पदस्थ हाकिमको गाली गलौज सहदै उनको हुकुममा चल्नु पर्ने, रातदिन खटिनु पर्ने कुराको प्रहार गरेको छ भने पुलिसले सकभर मास्टरको जागिर नै नखानु, यदि खाइहाल्नु पर्ने स्थिति आएमा पनि प्रधानाध्यापक हुनु अझ विद्यालयको प्रधानाध्यापक हुनु भन्दा मजदुरहरूको मेट हुनु ठीक हुन्छ भनेर प्रश्नको उत्तर दिएको छ ।

सामूहिक रूपमा खेलिने यस्ता खेल कहिले काँही एकातिर आईमाई र अर्कोतिर लोग्ने मान्छेको समूह बनाएर पनि खेलिन्छ । प्रायः नारी-नारी, पुरुष-पुरुष, युवा- युवतीको बीच अलग

अलग खेल नै खेलिन्छ । यसरी बाजुरा जिल्लाको कुण्डा क्षेत्रमा सामूहिक रूपमा गाइने वा खेलिने देउडा गीत निकै रोचक र ज्ञानवर्द्धक हुन्छन् ।

## ४.३ शैलीका आधारमा देउडा गीतको विश्लेषण

लोक जीवनका दुःख सुख र आस्था र मान्यताको चित्रण गरिएका देउडा गीतहरूको प्रस्तुत गर्ने शैलीलाई पनि विभिन्न प्रकारमा विभाजन गरिएको छ । यस्ता गीतहरू भलाकुसाली, वादविवाद, प्रश्नोत्तर, गालीगलौज जस्ता छुट्टा छुट्टै तरिकाले प्रस्तुत गर्ने गरिन्छन् जसलाई निम्न आधारमा देखाउन सकिन्छ ।

### ४.३.१ भलाकुसाली

एक मानिसले अर्को मानिससँग भेट हुँदा सामान्यतया चिनेकै भए तापनि परिचय गर्ने गर्दछन् । देउडा खेल्दा पनि भलाकुसालीबाट नै सुरु गर्ने गरिन्छ । आफ्नो नाम, ठेगाना, काम आदि विषयमा एक आपसमा परिचय गरिन्छ जस्तैः

पाण्डुसैन पाइलो बाटो पोरख्या उकालो ।
सन्चै छ कि दावल छावल गाथ छ क्या सुकालो ॥
देलाउँदो चानगाडो हाली राडी बुन्दो चौक्या ।
नाउँ गरी कतिका सकुँ सबै निकी छौ क्या ॥

प्रस्तुत पहिलो गीतको पहिलो हरफ मिलाउनका लागि मात्र प्रयोगमा आएको छ भने दोस्रो हरफमा तपाई लगायत तपाईका साथीसंगी सबैलाई कुशल मंगल छ कि भन्ने भाव व्यक्त गरिएको छ । यस्तै दोस्रो पंक्तिमा सबैको नाम गर्न अप्ठ्यारो भएकोले समग्रमा सबैलाई आरमै छ कि भन्ने प्रश्न भाव प्रकट गरिएको छ ।

### ४.३.२ गाली गलौच

बाजुरेली समाजमा काका भतिजा, साला भिना, देवर भाउजूमा ख्याल ठट्टा गर्ने प्रचलन रही आएको छ । कुनै कुरालाई घुमाउरो पाराले मनोरञ्जन गर्न प्रयोग गरिने खालका झगडामा जस्तो गाली नभएर व्यङ्ग्यात्मक अर्थबोध गराउने गालीहरू यहाँका देउडा गीतमा हुन्छन् । जस्तै :

तो आइछै बझाङ्ग्याबाट म आँया डोटी वोइ ।

भेटघाटै नहुन्या ठौर क्या माया लोटी होइ ॥

### ४.३.३ प्रश्नोत्तर देउडा गीत

एक अर्काको बुद्धि जाँच्न, अड्को थाप्न अथवा परास्त पार्ने अभिप्रयाले देउडा गीतमा  एक पक्षले प्रश्न गर्छ र अर्कोले उत्तर दिनु पर्छ यदि उत्तर दिन नसकेमा उसको हार हुन्छ । यस्ता प्रश्न उत्तर देउडा गीतहरू गाउँ खाने जस्ता हुन्छन् । देउडामा यसलाई झिट्टा पनि भनिन्छ । जस्तैः

आगोको कलेजो क्या हो ? पानीको हाड क्या हो ?
स्वर्गको लिसनु क्या हो ? धर्तीको बार क्या हो ?

यहाँ चारवटा प्रश्नहरू स्पष्ट छन् । आगोको कलेजो भनेको, पानीको हड्डी, स्वर्ग जाने भऱ्याङ र धर्तीको घेरबार भनेको के हो भनेर प्रश्न सोद्धा यसको उत्तर यसरी दिएको छ । जस्तैः

आगोको कलेजो कोइला, पानीको हाड ठाँडो  ।
स्वर्ग लिस्नु इन्द्रायणी, धर्तीको बाँर  कुइडो ॥

उक्त गीतमा आगाको कलेजो कोइला हो, पानीको हड्डी बरफ (ठाँडो) हो, स्वर्ग जाने सिँढी इन्द्रेणी र धर्तीको घेरवार भनेको कुहिरो हो भनेर उत्तर दिइएको छ ।

### ४.३.४ वादविवाद

वादविवादमा आ-आफ्ना तर्कलाई बलियो बनाउने गरिन्छ । एउटाले भनेका तर्कलाई अर्कोले आफ्नो तर्कद्वारा कमजोर पार्ने र आफ्नो तर्क बलियो बनाउने काम गर्दछ । यस्ता तर्क बितर्कहरू जातजातिका बीच आपसी साथी भाइका तथा लोग्ने स्वास्नी बीच हुने गर्दछन् । जस्तैः

(केटा)- मेरा गाइको मै गुवालो मै गल्याउ बाटुँला ।
मेरा साथ लाग् मायालु भिख मागी पालुला ॥

(केटी)- औल्यालका गाई भैंसी लेखालका भेंडा ।
क्या साइ खाउला क्या म खाउँला भिख मागेका गेडा ॥

माथि उल्लेखित दुइवटा सम्वादमय गीतमा केटाले मन परेकी केटीलाई तिमी मेरो पत्नी बन म भिख मागेर भएपनि तिमीलाई पाल्नेछु भनेर भन्दा प्रेमीकाले त्यो भिख मागेको वस्तु तिमी आफू खान्छौ कि मलाई दिन्छौ ? मागेर खाने त्यस्तो जावोसँग म विवाह गर्दिन परिश्रमी मान्छेसँग मात्रै विवाह गर्ने कुरा व्यक्त गरेकी छिन् ।

## ४.४ सन्देशका आधारमा देउडा गीतको विश्लेषण

देउडा गीतले विविध वस्तुलाई समेटेको पाइन्छ । मानिसको चरित्र निर्माणमा, समाज सेवा राष्ट्रभक्ति, शिक्षा आदि विषय तर्फ सन्मार्गमा हिडाउन तथा समाजमा रहेका विभिन्न विकृति, विसंगतिलाई हटाउन देउडा गीतबाट सकारात्मक सन्देश पनि प्राप्त हुने गर्दछ । जसलाई निम्नानुसार देखाउन सकिन्छ ।

### ४.४.१ आशीर्वाद

कसैलाई राम्रो होस् भन्ने इच्छा व्यक्त गर्नु नै आशीर्वाद हो । आशीर्वाद कसैले आफूले मागेको चिज पाएमा दिने गर्दछ । यसमा आशीर्वाद समूहले व्यक्तिलाई, बाबुले छोरालाई दिने देउडा गीतका आशीर्वादहरू यस प्रकारका रहेका छन् जस्तै :

बाँची रह्या पलाई रह्या ठूलो गर्‍या मन ।
नाम इज्जत फैली जाओस सबै लाउनु गुन ॥
जय होइजाउ भलो होइजाउ, कर्म सुधारी जाउ ।
छोरा नाति बढ्दै जाउन मनको पूरा होइजाउ ॥

प्रस्तुत गीतमा तपाई लामो समयसम्म बाँचिरहनु होला, उन्नति प्रगति होस्, नाम इज्जत चारैतिर फैलिरहोस्, सबैलाई गुन लाउने ठूलो मान्छे बन्नु भन्ने आशीर्वाद प्रदान गरिएको छ । यस्तै दोस्रो गीतमा तपाईको कल्याण होस्, भाग्य सुधारियोस्, कुलमा छोरा नाति (सन्तान) जन्मदै रहुन् ,मनोकाङ्क्षा पूर्ण होस् भन्ने कामनाका साथ आशीर्वाद प्रदान गरिएको छ ।

### ४.४.२ उपदेशात्मक

उपदेशले मान्छेको असल चरित्र निर्माण गर्नमा सहयोग गर्दछ । सही बाटोमा हिडाउन दिइने यस्ता ज्ञानका उपदेश नीति शास्त्र र धर्मका आधारमा त कुनै ठूला मान्छेका उदाहरण लिएर बनेका पनि हुन्छन् जस्तै :

सकेमा उपकार गर्नु अपकार नगर्नु ।
नगर्नु अरुको हानी परेपछि मर्नु ॥
धर्मलाई थामी राख्नु कुल संस्कार जर्गेनु ।
ठूला बडा आज्ञा मान्नु पाहुना सत्कार्नु ॥

सकेसम्म अरूको उपकार (भलो) हुने कार्य गर्नु तर कसैको अपकार नगर्नु अर्काको हानी गर्ने कार्य गर्नु हुँदैन देशका लागि परिआए बलिदानी दिन सक्नुपर्छ । आ-आफ्नो धर्म संस्कृतिलाई संरक्षण गर्नुपर्छ, ठूला बडाको आज्ञा मान्नुपर्छ । घरमा आएका अतिथिहरूको सेवा गर्नुपर्दछ  भन्ने कुरा माथि उल्लेखित गीतमा वर्णन गरिएको छ ।

### ४.४.३ शिक्षा प्रदान सम्बन्धी देउडा गीत

देउडा गीतमा शैक्षिक विकास सम्बन्धी कुराहरू पनि समेटिएका हुन्छन् । शिक्षा पढ्नु पर्छ नपढे दुःख पाइन्छ भन्ने कुरा अभिव्यक्त भएका गीतहरू निम्नानुसार छन् । जस्तैः

नपढ्या नघोक्यापछि पछि पाउला दुःख ।
शिक्षा पढ्नु अक्षर चिन्नु पाउँला  भन्या  सुख ॥
न भाइको अंश लाग्ने नचोरले चोर्न्या ।
अमूल्य शिक्षाको ज्योति सबले बाल्नु पर्ने ॥

यी गीतहरूमा हामीले नपढे नलेखेपछि दुःख भेल्नु पर्छ । शिक्षा भनेको यस्तो धन हो, न त भाइहरू वीच अंश बण्डा हुन्छ, न त चोरले चोर्न सक्छ भन्दै शिक्षाको महत्वलाई बुझेर सबैले विद्याध्ययनमा लाग्नुपर्छ भन्ने सन्देश दिन खोजेको छ ।

## ४.५ स्थानीयताका आधारमा देउडा गीतको विश्लेषण

देउडा गीत कसैको अनुकरण गरेर र अनुवाद गरेर रचिदैन । देउडा गीत सम्बन्धी स्थलहरूमा लोकगायकहरूले तत्काल रचना गर्दछन् । यो अशिक्षित समाजमा जन्मने र हुर्कने भएकाले स्थान विशेष आ-आफ्नै मौलिकता अनुसार गीतहरू सिर्जना हुन्छन् । यस्ता देउडा गीतहरू समाजमा, संस्कृति, स्थान, भाषिका, थेगा आदी जस्ता कुराहरू फरक-फरक किसिमका हुन्छन् । बाजुरा जिल्ला कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतलाई स्थानीयताका आधारमा यस प्रकार देखाउन सकिन्छ ।

### ४.५.१ जनजीवन सम्बन्धी देउडा गीत

देउडा गीतहरू परिवर्तित सामाजिक जनजीवन वातावरण आदिका आधारमा खेलिन्छन् वा गाईन्छन् । समाजमा देखिएका परिवेश,जनमानसको आस्था अवस्था आदिलाई यस्ता गीतहरूमा समेटिएको हुन्छ । व्यक्तिगत जीवनमा देखापर्ने मिलन , विछोड, दुःख-सुख, प्रेम-प्रणय जस्ता अवस्था यहि भावलाई अंकित गरेर लोकगायकहरूले देउडा गीतको सिर्जना गरेर गाउँदछन् । यस्ता गीतहरूले सामजिक रितिरिवाज र परिवेशलाई पनि झल्काउँछ । जस्तै :

गला लाउन्या जाल्या पोत्या चौअन्नीको माला ।
क्यै गरी नहट्ने भयो त्यो पुरानु चाला ॥
अचेल प सट्पाइन्ट आया सुरुवाल भोटो छाडी ।
चेली लाउनी कुर्ता सुरुवाल स्वास्नी लाउनी साडी ॥

प्रस्तुत पहिलो गीतमा घाँटीमा पोतेको जाल्या र चाँदीको माला लगाउने चलन पुरानो हो अब छोड्नु पर्छ भन्ने अर्थबोध भएको छ ।दोस्रो गीतमा आजभोली मान्छेले आफ्नो संस्कृति भेषभुषालाई बिर्सेर पश्चिमेली संस्कृतिको अनुकरण गरेर सट्पाइन्ट लगाउन लागेको, दौरा सुरुवाल लगाउन छोडेको, छोरीले कर्ता सुरुवाल लगाउन लागेको कुरा उल्लेख गरिएको छ ।

### ४.५.२ स्थान परिचय सम्बन्धी देउडा गीत

देउडा गीतमा कुनै स्थान विशेषलाई विषय वस्तु बनाएर पनि यसको प्रस्तुतीकरण गरिन्छ । कुनैपनि ठाउँको भौगोलिक, प्राकृतिक, धार्मिक, ऐतिहाँसिक महत्व अनुसारको परिचय देउडा गीतबाट दिन सकिन्छ । बाजुरा कुण्डा क्षेत्रको परिचय देउडा गीत मार्फत यसरी दिइएको छ ।

उत्तरमा बूढ्नन्दा देवी, दक्षिण लैफु डाँडा ।
पूर्वमा कर्णाली नदी, पश्चिमा पोरख्या ॥
माथि छ सेताम्मे हिमाल, तल नागबेली ।
बड्डी गाड बग्याको बगै सबै कुण्डा झेली ॥
ठौर ठौर धर्मस्थल यै कुण्डाकातिर ।
यसैले सुवागत गर्छन वनपाखा भिर ॥
बुढीनन्दा, मष्टो, कैलाश, चन्द्रनाथ, घटाला ।
यी सबै देवताको बास हामी छौ भक्ताला ॥
बाज, खर्सु, सल्लो जस्ता वृक्ष झुल्याका छन् ।
चैत बैशागका मैना गुराँउस फुलेका छन् ॥
विसु ,दशै, तिहार, भुवो, माघी,खौँ, साउन पुनी ।
हुन् यहाँका मुख्य चाड हेर्न आइजाउ पनि ॥
सम्पत्ति छ विपत छैन भात रोटाको खानु ।
सबै ठाउँ असलै माटो दानु रोप्याँ मानु ॥

प्रस्तुत गीतमा बाजुरा कुण्डा क्षेत्रको छोटकरीमा परिचय दिएको छ । थोरै शब्दमा धेरै वर्णन गर्न यहाँ देउडा गीत मार्फत सजिलो भएको देखिन्छ । पूर्व, पश्चिम, उत्तर, दक्षिण साँध सीमानाहरू खोला नालाहरू, देवी देवताहरू, चाड पर्व आदि कुराको वर्णनात्मक ढङ्गमा प्रस्तुत हुन्छ ।

### ४.५.३ भाषिका सम्बन्धी देउडा गीत

भाषा सबै ठाउँ र सबै स्थितिमा प्रयुक्त हुदैन । भौगोलिक दूरी, सम्पर्कको अभाव, समयको लामो अन्तराल विभिन्न भाषिक समुदायसँग सम्पर्क तथा सामाजिकताका आधारमा एउटै भाषाका विभिन्न रूपहरू हुन्छन् । समाजमा रहेका हरेक कुरामा भाषाको प्रत्यक्ष प्रभाव परेको हुन्छ । बाजुरा जिल्लाको कुण्डा क्षेत्रमा ओरपपच्छिमा वर्ग पर्ने भाषिका बढी प्रयोगमा आएको पाइन्छ । कुण्डा क्षेत्रको कर्णाली अञ्चल सँग सीमाना जोडिएर यिनीहरूसँग सम्पर्क भैरहने कारणले गर्दा माझाली वर्गका केही शब्दहरूको प्रयोग हुने गरेको पनि पाइन्छ । देउडा गीतहरूमा विशेष गरी ओरपच्छिमा भाषिकाका शब्दहरूको प्रयोग हुने गर्दछन् । जस्तैः

पलाँतो कालिकोट छियो पछि भयो जुम्ला ।
बैकिनीको जुनी होइन खाली छैन लाम्ला ॥
गोठालो सुत्याको रैछ दूध खायो थोराले ।
जीवन धान्न मुश्किलै छ अपूरा होराले ॥

उल्लेखित गीतको पहिलो गीत आएको छियो भन्ने शब्दले थियो, बैकिनी शब्दले आइमाइलाई बुझाएका छन् यस्तै गरी दोस्रो पंक्तिमा आएका थोरा भन्नाले पाडा भन्ने लागेको छ । अपूरा भनेको अधुरो भनेको हुनाले, छियो, बैकिनी, थोरा, अपूरा शब्दहरू ओरपच्छिमा भाषिका समूह अन्तर्गत पर्दछन् ।

### ४.५.४ थेगो प्रयोगका सम्बन्धी देउडा गीत

गीत गाउँदा त्यसमा केही स्थायी अन्तरा जोडेर गाउने प्रक्रियालाई थेगो प्रयोगको भाका भनिन्छ । यस्ता थेगाहरू सुरुमा बीचमा र अन्त्यमा प्रयोग गरिन्छन् । केही थेगोहरू बीचमा र अन्त्यमा प्रयोग गरिन्छन् केही थेगाहरू आधा सुरुमा र आधा बीचमा वा अन्त्यमा पनि थपिन्छन् । जस्तैः

छमक्क छमक्क जो खाइयो बचपनमै खाइयो,
छमक्क छमक्क आमाका हातको भिनाजु ।
छमक्क छमक्क दर्शनै नपाइन्या भयो ,
छमक्क छमक्क त्यो जरम थातको भिनाजु ॥
कठैदैन सर्ग हेरू बादलनाइ दुखी मन थाम्नलाई ।
कठैदैन आइजाउ दैव लैजाउ मलाई म बाँचेर कामनाई ॥
कर्णाली घुमाउरो पऱ्यो नौलाख तारा,
लौडी घुमाउदैन कठै फूलका हारा ।
बैरागीको घुम्न्या मन नौलाख तारा,
डुली अगाउदैन कठै फूलका हारा ॥
मेघ आउदैन घाम लाग्दैन टाडाको बस्यारो भयो,

बादल छ टमक्क मनको धोको मनमै रह्यो ।

सम्झी ल्याउदा दुःखी मन टाडाको बस्यारो भयो,

रात पड्दो रमक्क मनको धोको मनमै रह्यो ॥

झुपा रेलपन लेक मार्न्या चिसो बतास तराई मार्न्या औलो ।

झुपा रेलपन ज्यान लिन्छकि जोवन लिन्छ माया भौती बौलो ॥

टाइम दियाई घडीकाजन क्याट्टकिर्किट्टिकटम्म ।

बोल्याई रेडी जन बौजु लड्की लडक्क घन्काउ मादलु ॥

चैतका चाखुरी जन क्याट्टकिर्किट्टिकटम्म ।

किन घुम्छै मन बौजु लड्की लडक्क घन्काउ मादलु ॥

माथि उल्लेखित भाकामा छमक्क छमक्क भन्ने भाका सुरुमा र मध्यमा प्रयोग भएको छ भने अन्तमा भिनाजु थेगो जोडिएको छ । नौलाख तारा फूलका हारा पनि मध्यमा र अन्त्यमा नै प्रयोग भएको छ । यसै गरी टाढाको बस्यारो भयो थेगो पनि मध्यमा र अन्त्यमा प्रयोग भएको छ भने झुपा रेलपन थेगो अगाडि मात्र प्रयोग भएको छ । यस्ता थेगाहरू जहाँ पनि जस्तोसुकै पनि जोड्न सकिन्छ ।

### ४.५.५ उखान टुक्का सम्बन्धी देउडा गीत

देउडा गीतमा विविध भाव र अभिव्यक्ति समेटिएको हुन्छ । आफ्नो मनमा लागेका विभिन्न खुल्दुलीहरू देउडा गीतका माध्यमबाट प्रकट गरिन्छ । देउडा गीत व्यङ्ग्य विनोद र बक्रोक्तिले भरिभराउ हुन्छ । यसको प्रस्तुतिमा कुनै किसिमको प्रतिवन्ध लगाइदैन । यस्तै देउडा गीतमा मर्मस्पर्शी घोचिला र पेचिला उखान टुक्काहरूको पनि प्रयोग गरिएको पाइन्छ । जस्तै :

खुट्टा भया जुत्ता कति भात भया काग कति ।

पेट पाल्नु मुस्किलै भयो तो भन्दो बासमती ॥

गीत पनि उसैको गाउनु जसको खायो भात ।

लाउनु खाउनु त्यतिकै हो सन्चै छ कि गात ॥

आँगन बाङ्गो किन भन्नु नाच्न नजान्नेले ।

बाडुली लाइहाल्नु कैलेइ सौराँडी मान्नेले ॥

उल्लेखित देउडा गीतमा उखान टुक्काको प्रयोग मार्मिक ढङ्गले अभिव्यक्त भएको छ । खुट्टा भएपछि जुत्ताको खाँचो पर्दैन, भात छ भने खाने मान्छेको अभाव हुदैन भन्ने कुरालाई आफूमा क्षमता भए अवसरको खाँचो पर्दैन भन्ने भाव प्रकट गरेको छ । यसै गरी दोस्रो पंक्तिमा जसको नुन खायो उसको गीत गाउनु पर्छ भन्ने कुरालाई उखान मार्फत व्यक्त गरिएको छ । अन्त्यमा नाच्न नजान्नेको आँगन टेढो भन्ने उखानलाई देउडा गीतमा कलात्मक पाराले संयोजन गरिएको छ ।

## ४.६ साहित्यिकताका आधारमा देउडा गीतको विश्लेषण

बाजुरा जिल्लाका जनमानसको मुक्तकण्ठमा झुण्डिएको देउडा गीत यस क्षेत्रको महासागर हो । जसरी महासागरमा सानातिना खोला नाला, खहरे, लहरे, अटाएका हुन्छन् त्यसै गरी देउडा गीतमा विविध विषय वस्तु अटाएको पाइन्छ । साहित्यिक विषय वस्तुलाई पनि देउडा गीतले समेटेको पाइन्छ । बाजुरा जिल्लाको कुण्डा क्षेत्रमा प्रयोगमा आउने देउडा गीतलाई साहित्यिकताका आधारमा विश्लेषण गर्दा साहित्यका निम्न विषय वस्तुमा विश्लेषण गर्न सकिन्छ ।

### ४.६.१ लय

लय भनेको गीत गाउने भाका वा शैली हो । यस क्षेत्रमा देउडा गीतलाई विभिन्न लयमा गाउने गरिन्छ । कुनै गीतलाई लामो स्वर तानेर गाउने कुनै गीतलाई दोहोर्‍याएर गाउने गरिन्छ । जसलाई यस प्रकार देखाइएको छ ।

#### ४.६.१.१ ठाडी भाकाका देउडा गीत

गीत गाउदा एकहोरो रूपमा चर्को स्वरले गाउने भाकालाई ठाडी भाका भनिन्छ । यस्ता गीतमा विस्तारै स्वर घुमाएर लामो पारेर गाइन्छ । ठाडो भाका प्रायः एकल हुने गरेको पाइन्छ । यस्ता गीतमा व्यक्तिका दुःखसुख वा बिचार व्यक्त भएका हुन्छन् । यस्तो भाकामा अघिपछि केहीपनि जोडिदैन । लेखे जस्तै सिधै पढिन्छ । जस्तैः

दुःख सम्झी रोयाका आँसु भैमा पर्‍या खाल ।
जिउ बुढी पाको फल भैगो टिपी लैजा काल ॥
रोएर सम्झाउन्या को छ ? नरो दुःखी मन ।
को हेर्छ ? दुःखीको होरा चाँदो चिरीकन ॥

यी गीतहरूलाई सरसर्ती पढ्दा ठाडी भाका उत्पन्न भइहाल्छ । यस्ता गीतमा थेगो आदिको प्रयोग हुदैन ।

### ४.६.१.२ डेढी भाका देउडा गीत

देउडा गीतको एक हरफलाई गाएर फेरी आधा दोहोराएर गाउने प्रक्रियालाई डेढी भाकामा राख्न सकिन्छ । यस्ता गीतहरूमा भाकामा पछिल्लो पदलाई दुई पटक गाएर पहिलो पदलाई पछि एकै पटक गाउने गरिन्छ । जस्तैः

चुकिला आम खानु चुकिला आम खानु बम्बैको चौकिदार लाग्नु,
एकीका माम खानु एकीका माम खानु एकीका कोलउदो बस्नु ।
जेठ पराल छैन जेठ पराल छैन हिउँद गाईले पराल खाइन ,
मनको कुरा भैन मनको कुरा भैन हास्दै खेल्दै जोवन बाइगो ॥
गीत भया गाउना हौं गलो भया घुमाउना हौं गीत भया गाउना हौ ।
म कति लाउना हौं बाज जस्तो सूर्य फूल भया म कति लाउना हौं ॥

यहाँ पहिलो लेखेका गीतका पदावलीहरू दुईपटक लेखिएका छन् । यी पदावली अन्तिममा रहेका र नदोहोरिएका पदावली पछाडि छन् र तर गायनकालागि अगाडि आएका छन् । भाका गायनमा प्रयोग हुने भएकाले लिखितमा यसको व्याख्या त्यति स्पष्ट हुदैन ।

## ४.७ रसका आधारमा देउडा गीतको विश्लेषण

कुनैपनि साहित्यको अध्ययन पछि वा श्रवण पछि मानिसका मनमा उत्पन्न हुने भावना नै त्यसको रस हो । सामान्यतया साहित्यका नौ प्रकारका रस मानिन्छन् ती मध्ये बाजुरा जिल्लाको कुण्डा क्षेत्रका देउडा गीतमा प्रयोगमा आउने रसहरूको चर्चा र उदाहरण तल प्रस्तुत गरिएको छ ।

### ४.७.१ श्रृङ्गार रसका गीत

रति र प्रेम स्थायी भाव हुने रसलाई श्रृङ्गार रस भनिन्छ । प्रेमी प्रेमीकाहरूले आफ्नो आत्मिय प्रेमलाई विषय वस्तु बनाई गाइएका देउडा गीतलाई श्रृङ्गार गीत भनिन्छ । जस्तैः

निकाल खोल्टीको कुची मिलाई देउप ताला ।

हात हाल चोलीका भित्त दाँती लाग्न्या गाला ॥

प्रस्तुत गीतमा प्रेमी र प्रमिकाको बीच शारीरिक सम्बन्ध कायम हुन लागेकोले श्रृङगार रसको अभिव्यक्त भएको छ ।

### ४.७.२ करुण रसका गीत

आफन्तहरूको विछोडमा शोक स्थायी भाव भएको रसलाई करुण रस भनिन्छ । यस्ता गीतमा विछोड, दुःख, वेदना, पीडा, मोह, स्मृति, चिन्ता, आदि प्रकट गरिएको हुन्छ जस्तै :

अनुहार विसरी जाउँला, विर्सन्यानाई दाँत ।
घरबाट छुट्या केई मान्यानाई बैश ढल्क्या खाँत ॥

माथिको गीतमा आफ्नो प्रेमिकाको अनुहार आफूले बिर्से पनि दाँतलाई बिर्सेने छैन । आफ्नो मन नमिलेको घरबार बिग्रेपनि कुनै पर्वाह छैन तर जोवन ढल्कदै छ भन्ने ठूलो चिन्ता प्रकट भएको छ ।

### ४.७.३ वीर रसका गीत

कुने पनि कार्य गर्नमा उत्साह देखाउने रसलाई वीर रस भनिन्छ । बल र शक्तिका कारण वीर रस उत्पन्न हुन्छ । देउडा गीतमा पनि यस्ता गीतहरू रहेका हुन्छन् ।

यो शरीर दुई दिनको मात्र मऱ्या पछि कुन्छ ।
नडर्नु शत्रुका सामु कुलको बेइजत हुन्छ ॥
आउँछु कोल लाउँछु प्रीति जस्तो हुन्छ होला ।
लायो प्रिति छोड्न्या छैन बरु ज्यानै जाला ॥

उल्लेखित गीतमा शत्रुका सामु झुक्नु हुदैन र आफ्नो मायालुलाई प्राप्त गर्न जे जस्ता संघर्षहरू भोग्न तयार छु भन्ने वीर भाव व्यक्त भएको छ ।

### ४.७.४ अद्‌भूत रसका गीत

बिस्मय स्थायी भएका, अनौठो वस्तु, आश्चर्य, आवेग, दैन्य, जडता, चन्चलता, हर्ष, भ्रान्ति आदि जस्ता भाव प्रकट गर्ने रसलाई अद्‌भूत रस भनिन्छ । अद्‌भूत रसका गीतहरू निम्न छन् ।

तेरो रूप सानो देख्छु अरुको त ठूला ।

सम्झन्छु अनौठो मान्छे सुवराइका कुला ॥

बाघ आयो जंगलबाट बाखरो खानलाई ।

अब र मुस्किलै पर्‍यो साई तिमी भेट्नलाई ॥

**४.७.५ रौद्र रसका गीत**

क्रोध स्थायी भाव हुने रसलाई रौद्र रस भनिन्छ । अनुहार रातो, पीरो हुनु, गर्जिनु विपक्षी सँग हमला गर्नु, उन्माद, चपलता आदि खेलाडी- खेलाडी बीचको आपसमा सवाल- जवाफ जस्ता गीत रौद्र रस अर्न्तगत पर्दछन् । जस्तैः

पारिउँदो ढोल  लोटी आयो ओखल खोपी- खोपी ॥

तेरा बाको लाईन्या टोपी मेरा बा का धोती ॥

**४.७.६ हास्य रस**

हाँसो उड्दो क्रियाकलाप गर्ने, आकार प्रकार रूपरङ्गलाई चित्रण गर्दै मनोभावनात्मक भाव व्यक्त गरिएका देउडा गीतलाई हास्य रस अन्तर्गत राख्न सकिन्छ । जस्तैः

मुख हेरु बाँदर जस्तो आँखा कैला कैला ।

मान्ठ हेरु दुई पैसाको कुरा गर्दो बौला ॥

यस गीतमा नायिकाले नायकलाई बाँदरको जस्तो अनुहार भएको, कैला रौँ र आँखा भएको केही काम नआउने मानिस तर ठूला ठूला कुरा गर्दछ भन्ने कुरा व्यक्त गरेको छ ।

**४.७.७ भयानक रस**

जनता मरी नेपाल भरी रगतै रातो छ ।

सातो गैगो नेपालमा धुकधुकी तातो छ ॥

प्रस्तुत गीतमा भय व्यक्त भएको हुनाले यो भयानक रसको गीत हो । यस रसका गीतहरूमा सन्त्रास, चिन्ता, डरलाग्दा स्थलहरू आदिको वर्णन पाइन्छ ।

**४.६.८ शान्त रस**

शान्त रसका गीतहरूमा संसारिकता प्रति वैराग्य भाव उत्पन्न हुनु, त्याग, रोमाञ्चकता, हर्ष, दया, जस्ता अदि कुरा प्रकट गरिन्छन् । देउडामा शान्त रसका धेरै गीतहरू हुन्छन् । जस्तै :

गाई बूढी बटौली लागि सँगै गयो छाउनु ।
हुने हार सबैलाई भयो हृदय क्या रोउनु ॥

**४.६.९ वीभत्स रसका गीत**

घृणा वा जुगुप्सा  स्थायी भाव हुने रसलाई वीभत्स रस भनिन्छ । जस्तै :

कपाल भरी जुम्रा लिखा कुरा गर्दो बडी ।
शरीर तेरो गन्ध आउन्या जगेलाउदो भ्रुडी ॥

प्रस्तुत गीतमा घृणा भाव व्यक्त भएको हुनाले यो गीत वीभत्स रसको गीत हो । टाउको भरी जुम्रा लिखा परेको व्यक्तिलाई र सुरूवालमा दिसा गरेको हुनाले दुर्गन्ध आएको कुरा यस गीतले प्रकट गरेको छ ।

**४.८ अर्थका आधारमा देउडा गीतको विश्लेषण**

बाजुरा कुण्डा क्षेत्रमा गाइने तथा खेलिने देउडा गीतलाई अर्थका आधारमा अभिधार्थी, लक्ष्यार्थी र व्यङ्ग्यार्थी गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

**४.८.१ अभिधार्थी**

जुन देउडा गीतले सोझो अर्थ दिन्छ त्यस्ता गीतलाई अभिधार्थी देउडा गीत  भनिन्छ । जस्तै :

पैसा भया इष्टमित्र नभयापै टाडा ।
दुखारीका मानिसकन दिन विताउन गाडा ॥

प्रस्तुत गीतले पैसा भएपछि शत्रु पनि मित्र हुन्छन् । यदि पैसा नहुने हो भने मित्र पनि शत्रु बन्न पुग्दछन् । दुःखी र दरिद्र मानिसलाई गासँ बाँस र कपासको समस्याले गर्दा दिन विताउन गाहो हुन्छ । यो गीतले सोझो अर्थबोध गरेको हुनाले यस गीतलाई अभिधार्थी देउडा गीत भनिन्छ ।

**४.८.२ लक्ष्यार्थी**

जुन गीतले सोझो अर्थ नदिएर लाक्षणिक अर्थबोध गराउँछ भने त्यसलाई लक्ष्यार्थी देउडा गीत भनिन्छ । जस्तै :

केटी- बाग जस्ता बराजु मेरा सालम भेड्न्या पोइछ ।

सर्प जस्तो देवर मेरो हात हाल्न्या कोइछ ?

केटा- बागलाई बाखरो दिउला सालम भेड्न्या लोइछै ।

सर्पलाई मन्तरी दिउँला हात हाल्नु तोइछै ॥

पहिलो गीतमा केटीले आफ्नो ससुरालाइ बाघसँग तुलना गरेकी छे । बलवान लोग्ने र सर्प जस्तो देवरको हातबाट कसरी मलाई फुत्काउन सकौला र ? म कसरी आउन सकुँला भन्ने लाक्षाणिक भाव व्यक्त गरेकी छे । त्यसको जवाफमा दोस्रो गीतमा केटाले केटीलाई नडराउ बाघलाई बाखा (धन) दिउँला । तिम्रो लोग्ने बलियो भए पनि बाबुलाई मनाए पछि उसले मानिहाल्छ देवरलाई मन्त्र गरेर मनाईहाल्छु भनेर लाक्षाणिक भाव व्यक्त गरेको हुनाले यी गीतहरू लक्ष्यार्थी देउडा गीत हुन ।

**४.८.३ व्यङ्ग्यार्थी**

सोझो र लक्षणा भन्दा प्रतीयमान अर्थ वा ब्यङ्ग्यार्थ बाोध गराउने गीतलाई व्यङ्ग्यार्थी देउडा गीत भनिन्छ । जस्तै :

कसको होला नाठो भैंसी कदुका झाल खान्या ।

नपाया चौध छाक टेक्न्या पाया पै खाल खान्या ॥

यस गीतको पहिलो हरफमा पाडापाडी नपाउने कसैको भैंसीले फर्सीको झाल खाएर त्यसमा फर्सी नलाग्ने गरेर भताभुङ्ग पारी दियो भन्ने व्यङ्ग्य भाव प्रकट भएको छ । दोस्रो हरफमा खाने चिज नभएपनि चौध दिनसम्म भोकै बस्न सक्छु भएपछि एक छाक चालिस किलो खाइदिन्छु भन्ने व्यङ्ग्य भाव प्रकट भएको छ । जस्तै :

नान्का पाल्यौ ठूल्का पाल्यौ धन्य त धन्य हो ।

हजुरको कोट सिउन्या सुयो कैठौर बन्यो हो ॥

यस गीतमा साधारण अर्थमा साना ठूला सबैलाई खाना लाउन दिनु भयो । राम्रो कपडा लगाएर धेरै राम्रो देखिनु भएको छ भन्ने हुन्छ भने यसको वास्तविक अर्थ बुझ्दा साना ठूला सबै तिमीहरूका नोकर चाकर छन् खान लगाउन कसैलाई पनि पेटभरी दिएका छैनौ । यस्तो राम्रो कोट लगाएका छौं । त्यो कोट सिउने पनि हामी नै हौं । सिउने सियो बनाउने पनि हामी नै हौं । हाम्रै श्रम र पसिनाले ठूला राम्रा भएका हौ भन्ने तिखो व्यङ्ग्यार्थ प्रकट भएको छ ।

# पाँचौ परिच्छेद
# उपसंहार

"देउडा" शब्दको शाब्दिक अर्थ टेढो, वाङ्गो वा छड्के भन्ने हुन्छ । देउडा खेल्दा पैतलो वा पादपंक्ति टेढी वा छड्के पर्ने र गाउदा पनि डेढ पटक गाउनुका साथै यसमा प्रयुक्त अर्थपनि घुमाउरो र लक्षणात्मक व्यङ्ग्यात्मक हुने भएकोले यसलाई देउडा गीत भनिएको हुनु पर्ने अनुमान गर्न सकिन्छ । स्थान अनुसार यसलाई देवडा, ड्यौडा, देउडा,डेउडा तथा सूदुरपश्चिम लोकगीत आदि शब्दले चिनाउने गरे तापनि बाजुरा कुण्डा क्षेत्रमा 'देउडा' भन्ने गरेको पाइएकोले यस शोधपत्रमा पनि देउडा नै भनिएको छ ।

बाजुरा जिल्लाको कुण्डा क्षेत्रका सबैको साझा सम्पत्ति देउडा गीत जन्मदेखि विवाहसम्मका विभिन्न जीवन संस्कार, जात्रा, चाडपर्व, उत्सव आदि अनेकौं अवसरमा गाउने र खेल्ने गरिन्छ । देउडा गीतको यहाँका जनमानसमा नङ् र मासुको जस्तै सम्बन्ध रहि आएको छ । देउडा गीतले कैयौं दुःखी बैरागीको मनमा सान्त्वना  दिने काम गर्छ भने प्रेमी प्रेमीका बीच आत्मीय सम्बन्ध स्थापित गर्दछ । देउडा गीतको प्रयोजन व्यापक छ । आनन्दको अनुभव, अनुष्ठानको सम्पादन समसामयिक लोक जीवनको अभिव्यक्ति, अन्तरहृदयका कुरालाई प्रस्फुटित गर्नु इतिहास तथा संस्कृतिको संरक्षण सामाजिक, धार्मिक, प्राकृतिक जुनसुकै विषय वस्तुमा देउडा गीत गाइन्छन् वा खेलिन्छन् । वाद्यवादनको आवश्यकता नपर्ने देउडा गीत अभिनयका साथ खेलिन्छ । जुनसुकै जातको जुनसुकै वर्गको भएपनि आत्मीयताका साथ हातमा हात मिलाएर कुममा कुम मिलाई उत्साहपूर्वक देउडा खेलिन्छ । देउडा खेल्दा प्रस्तुतीकरणमा कुनै किसिमको प्रतिवन्ध लगाइदैन ।

यस शोधपत्रको पहिलो परिच्छेदमा  राखिएका शोध परिचय अन्तर्गत शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा यसको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा आदिले शोधको मूर्ततालाई प्रष्ट्याइएको छ । यस्तै दोस्रो परिच्छेदमा बाजुरा जिल्ला कुण्डा क्षेत्रको सामान्य परिचय दिने क्रममा नामाकरण, भौगोलिक तथा प्राकृतिक परिचय, सामाजिक परिचय, शैक्षिक अवस्था, धार्मिक तथा ऐतिहाँसिक स्थलहरूको परिचय प्रस्ट्याइएको छ । यहाँका प्रचलित जीवन संस्कारहरू विविध चाडपर्वहरू तथा प्राकृतिक सम्पदाले भरिपूर्ण कुण्डा क्षेत्रको छुट्टै आफ्नो पहिचान रहेको कुरा प्रष्ट भएको छ । यस शोधपत्रको तेस्रो परिच्छेदमा देउडा गीतको सैंद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । यसमा पनि देउडा गीतको परिचय, परिभाषा, यसको क्षेत्र र प्रयोग, देउडा गीतको संरचना, लय भाका आदिको परिचय

दिइएको छ । यसै गरी देउडा गीतलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ ।  विषयवस्तुका आधारमा, सहभागिताका आधारमा, लयका आधारमा, भाषाका आधारमा, रसका आधारमा, वर्गीकरण गरिएको छ । यसबाट देउडा गीत मनोरञ्जनपूर्ण मौखिक परम्परामा हुर्कदैं आएको बाजुरेली कुण्डा क्षेत्रको लोकजीवनमा भिजेको नेपाली लोकगीतको महत्वपूर्ण विधा हो भन्ने कुरा स्पष्ट पार्न खोजिएको छ । प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतको विश्लेषण गरिएको छ । कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतलाई संकलन गर्दै, विषयवस्तुका आधारमा प्रस्तुतिका आधारमा, शैली, सन्देश, स्थानीयता, साहित्यिक तथा रसका आधारमा अर्थगत विश्लेषण गरिएको छ । विश्लेषण गर्दा भलाकुशाली, आशीर्वाद, गालीगलौच, दुःख , प्रश्नोत्तर, वादविवाद, स्थान परिचय, चाडपर्व, प्राकृतिक चित्रण, स्थानीय जनजीवनको चित्रण गरी अलगअलग विश्लेषण गरिएको छ । यसबाट बाजुरेली समाजमा देउडा गीतको विषय र क्षेत्र विस्तृत रहेको छ भन्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची


- ओझा, देवीप्रसाद (२०४९) **डोटी क्षेत्रको इतिहास तथा संस्कृति**, महेन्द्रनगर, सु.प.सा.से.अ.स. ।
- ओझा, रामनाथ र गिरी, मधुसुदन (२०५८) **शोधसिर्जना तथा संस्कृत काव्यशास्त्र**, काठमाडौं, न्यू हिरा बुक्स इन्टरप्राइजेज ।
- कोइराला, शम्भुप्रसाद (२०५६) **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर, धरणिधर पुरस्कार प्रतिष्ठान ।
- चालिसे, विजय (२०३९) **डोटेली लोक संस्कृति र साहित्य**, काठमाडौं, साझा प्रकाशन ।
- थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१) **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं, त्रि.वि.पा.वि.के. ।
- ने.रा.प्र.प्र. (२०४१) **नेपाली बृहद् शब्दकोष**, काठमाडौं ।
- पराजुली, कृष्णप्रसाद (२०५७) **नेपाली लोकगीतको आलोक,** काठमाडौं, विणा प्रकाशन ।
- पन्त, देवकान्त (२०३२) **डोटेली लोक साहित्य,** काठमाडौं, नेपाल तथा एशियाली अध्ययन संस्थान ।
- पाण्डे, गोविन्दप्रसाद (२०६०) **देउडा विगतदेखि वर्तमानसम्म**, जुम्ला जि.वि.स. तथा यस.एन.भि. नेपाल (एस.जि.एस.टि.पि) ।
- वन्धु, चुडामणि (२०५८) **नेपाली लोक साहित्य,** काठमाडौं, एकता बुक्स ।
- विरही सिंह, गजेन्द्रबहादुर (२०५४) **सुदूरपश्चिमेली लोक साहित्यिक देउडा ।**
- रिमाल, प्रदिप (२०२८) **कर्णाली लोक संस्कृति (खण्ड ५),** काठमाडौं, ने.रा.प्र.प्र. ।
- शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०५५) **नेपाली गद्य भाषा, साहित्य र इतिहास,** काठमाडौं, नविन प्रकाशन ।
- श्रेष्ठ, तेजप्रकाश (२०४४) **अछामी लोकसाहित्य,** काठमाडौं, रत्नपुस्तक भण्डार ।

# परिशिष्टाङ्क
# बाजुरा कुण्डा क्षेत्रमा प्रचलित देउडा गीतहरु

**प्रार्थना**

दुर्गा देवी भगवती, चामुण्डा कालिका ।
दाइनु भएइ कालाढुङ्गा, दाइनिभ्या मालिका ॥

ब्रम्हा विस्णु महेश्वर, राम हरी हरी ।
रामै बोल्नु रामै लेख्नु, होइजाउ जन्मभरी ॥

मेरा पूज्य दाणेमष्टा, मैसँग खुश रएई ।
अर्न्तपूज्य कुल देवता, शुभदाइनु भएई ॥

**रामायण**

रामचन्द्रको बस्न्या गादी, भरतलाई सऱ्यो
बुबाज्यूका वचनले, बनजानु पऱ्यो ॥

रामचन्द्रको जन्म भयो, कौशिल्लाका कोख ।
रामसीता अयोध्या लाग्या, लवकुश पऱ्या शोक ॥

लवकुश गुलेली खेल्ला, वाल्मीकीका कुटी ।
एकै दिनका दिनदशाले, जम्मै लैग्यो लुटी ॥

घुम्दाघुम्दै एकदिन रामको, चित्रकुट बास पऱ्यो ।
रावणले छल गरेर, सीताजीलाई हऱ्यो ॥

सीता रनिन् अशोक वन, राम रना जङ्गल ।
खबर लैजा हनुमान, कुशल मङ्गल ॥

रावणको सुनालो मृग, राचन्द्र शिकारी ।
वृन्द्रावन क्या घुम्दा हुन्, प्रितिका भीकारी ॥

## नीतिका कुरा

खाना दिन्या महतारी हो, ज्ञान दिन्या पिताई हो ।
जो देखाउँछ सत्य बाटो, त्यो पनि गीताई हो ॥

कसैलाई नचाइन्या सुन, त्यो त फलामै हो ।
दान धर्म उपकार, यो पनि कामै हो ॥

कण्ठ शोभा शुशील बोल्नु, हस्त शोभा दान ।
चक्ष्यु शोभा राम्रो दृश्य, कान्को शोभा ज्ञान ॥

कृष्ण पनि गोरु ग्वाला, राम पनि शिकारी ।
युधिष्ठिरको बनवास, सुदामा भिकारी ॥

## स्थान परिचय (कुण्डा)

उत्तरमा बूढ्नन्दा देवी, दक्षिण लैफु डाँडा ।
पूर्वमा कर्णाली नदी, पश्चिमा पोरख्या ॥
माथि छ सेताम्मे हिमाल, तल नागबेली ।
बड्डी गाड बग्याको बगै सबैकुण्डा भेली ॥
ठौर ठौर धर्मस्थल यै कुण्डाकातिर ।
यसैले सुवागत गर्छन वनपाखा भिर ॥
बुढीनन्दा, मष्टो, कैलाश, चन्द्रनाथ, घटाला ।
यी सबै देवताको बास हामी छौ भक्ताला ॥
बाज, खर्सु, सल्लो जस्ता वृक्ष झुल्याका छन् ।
चैत बैशागका मैना गुराँउस फुलेका छन् ॥
विसु ,दशै, तिहार, भुवो, माघी,खौँ, साउन पुनी ।
हुन् यहाँका मुख्य चाड हेर्न आइजाउ पनि ॥
सम्पत्ति छ विपत छैन भात रोटाको खानु ।
सबै ठाउँ असलै माटो दानु रोप्याँ मानु ॥

## देउडामा आशिर्वाद

धन होइजाउ सम्पत्ति होइजाउ बाटाथि घर होइजाउ ।
जत्तिको मायाजाल थियो, उत्तिको करहोइजाउ ॥

खान लाउन पुरा होइजाउ, जन लागौ रिन ।
सम्पूर्ण सुखैमा वितुन, बाँचेजति दिन ॥

काठमाण्डु जन्मनु होइजाउ, काँशीमा मर्होइजाउ ।
लाउनालाई कपडा होइजाउ, बस्नालाई घर होइजाउ ॥

सत्यको विजय होइजाउ, शान्ति होइजाउ देश ।
हिड्न्या बाटो मैदान भैजाउ, जन लागौ ठेस ॥

## देउडामा उपदेश

जुवातास जन खेल्या, खतम होला धन ।
जुवाले राजहरण गरी, पाण्डव बस्या वन ॥

जे जे लेख्यो भाविनीले, निधारका बीच ।
खोजेर पाइन्या छैन, तसै मान्नु चीच ॥

पूर्व जन्म नमागेको, पाइँदैन खोजेर ।
पैसा भया सूनचाँदी, पाइन्छ जोखेर ॥

## देउडा गीतमा उखान

आगन बाङ्गो केलाइ भन्नु, नाच्न न जान्नेले ।
बाडुली लाएइन पन, सौंरणी मान्नेले ॥

जैका चेला उइका मेला, उसैको घर्वार ।
कसाकसा काँव गया, मुसाका दर्वार ॥

खुट्टा भया जुत्ता कति, भात भया काग कति ।
पेट पाल्नु मुस्किलै भैग्यो, तँ भन्दो वास्मती ॥

## छोरीको विलौना (पढ्न नपाउँदाको)

स्कुल जान्या भाइविनाका, लत्ता धुन्या काम ।
जीन्दगी रोइरोइको खानु, कठै हरिराम ॥

पोर्सो हाल्नु घाँस काट्नु, धान कुट्नु पड्डो छ ।
वन जानु दौरा ल्याउनु यतिकाम गर्दछ ॥

आमा भन्छन घाँस काट, बाबा भन्छन् दाउरा ।
दाजु जस्तै स्कूल जान, मैले कैले पाउला ॥

## प्रकृति/ऋतु सम्बन्धी गीत

कालो लेक रमाइलो होला, काफल पाकन्नार ।
साइ पोइल नजान्या होल्ली, झल्का लागन्नार ॥

मैना राम्रो असौजको, धानको बालो निउरी ।
जा साई जान्छै त्याँ म लैजा, कम्मरमा सिउरी ॥

हिउँ पऱ्यो मालिका पात, कारिम पऱ्यो खोला ।
आउँछु कोल लाउँछु प्रिता, जसो भया होला ॥

खाउँ भन्या खप्तडी विष, नखाउ अहारा नै ।
मरि जाउ त बाली बैस, बाँचु सहारा नै ॥

लेक जानु काफल खानु, हाडा न भाँचनु ।
भीनाले दिएकी चिठ्ठी, शालीले बाँचनु ॥

रानीवन रमाइलो भैग्यो, पलाइ गया पाला ।
बाजपाल फलाँटीपाला, दाइको बल्ल खाला ॥

नामर्दलाई इज्जत छैन, अल्छिलाई काम छैन ।
न आएइ पुसका मैना, मेरा गाउँ घाम छैन ॥

## भैसी चराउँदाका गीत

गोठालो सुतेको रैछ, दूध खायो थोराले ।
जीवन धान्नु मुस्किलैछ, अपुरा होराले ॥

चरचर भैसी आमा, यो पनि लेकै हो ।
मैखी भयो जनमान्या, सबैखी एकै हो ॥

खन्या खन्नाई बान्या बानाई, गोठालाकी ऐस ।
देशको विच्छेउनु भैग्याँ, ढल्क वाली बैस ॥

## प्रेमीको विछोड

कै वनकी रङ्गी सुवा, कै वनवास भयो ।
आगाले हृदय जल्यो, परानी नास भयो ॥

वाज वस्न्या अल्को डाडो, टोपी हाल्या जसो ।
भेट नभया यसी सम्राइ, मरिगया कसो ॥

रहणी राम हेर्न गया, काला कोट टाँकलाई ।
न बासेई खोलीका नेउला, मेरो मुटु साँकलाई ॥

धान कुट्या चामल भया, चामल पिनी पिठो ।
क्या लाग्यो बाजको माया, चिनीभन्दा मिठो ॥

## रोग सम्बन्धी एड्स

सनसार अछुतो छैन एच.आइ.भी. रोगले ।
रुदा रुदा बग्छन् आँसु ज्यान सुक्यो रोगले ॥

कसलाई भनुँ मनको कुरा लापरवाही मेरै हो ।
ज्यान सुक्यो सम्पत्ति सक्यो उपचार धेरै हो ॥

दिनका दिन घट्दैछ मेरो शरीरको तौल ।
रगत थियो वखत थियो गर्‍याँ लेख औल ॥

शुन्य छ सनसार मेरो समाजको हेला ।
नजानी दुःखको भारी मेराइ पऱ्यो फेला ॥

मुटु फाटी छिया छिया मन भरी मर्म ।
न मैले भन्याको मान्या न त मान्याँ सर्म ॥

## छाउपडी प्रथा सम्बन्धी देउडा गीत

छाउकन नुनपिनी दिन्या अरुले दै खान्या
यो बडो अन्यायो निती कसरी सै खान्या
छाउभयापै गोठ लाउँदा हाऱ्याकै हो जुनी
अल्का पनि जान्दिदैनन् आयापछि पनि
बुझिदिन्या कोइपनि नाई यी पीडा मैलाका
हुन्याकाम नहुन्या गऱ्या पागल हुन पैलाका
दलित महिला भनिकन खोल्याका छन् संस्था
महिलाको अधिकार आयो अब घर पस्ता
साउनका अध्यारी रात सुत्नुपर्दो गोठ
यी दुःख सम्झ्याका बेला मुटु लाग्दो चोट ।

## केही फुटकर देउडा गीत

थर्काउन्या पगडी छैन कमाउन्या हात छैन ।
पुरानुको हुकुम छैन नयाँको बात छैन ॥
देश विगाऱ्या बामनले गाउँ विगाऱ्या शाहीले
दुहुन लाग्याँ लात्त हान्यो ताँका माल्या गाइले
बाम्नले जनबाद ल्याया सबै जाति उठाई ।
साही सरकारको अन्त गऱ्या राज्यबाट हटाई ॥
ढढल्कन्या साँधु नहौं लिप्टिन्या नाउ नहौ ।
गुप्तैमा परानी बाइजाउ कसैकी था नहौ ॥
बाहनु बस्यो सन्ध्या गर्न जोगी बस्यो ध्यान ।
एकै सूर्य घाम ताप्दाछौँ भेट हुँदैन क्यान ॥

कसैको खानलाई छैन कसैका खान्या नाई ।
कसैका हलबल्द छैन कसैका बान्या नाई ॥

अनुहार विसरी जाउला, विसद्दैन दाँत ।
घर्वार छुट्या केइमानेइन, वयसकी खाँत ॥

बैकुण्ठ भेट होइजाउ हाम्रो, सत्य धरमले ।
भोट जाउँकी देश लागु, यसा करमले ॥

## ऐतिहासिक देउडा गीत

सात साल फागुनका मैना प्रजातन्त्र आयो ।
नेपालका दाजु भाइले शान्तिको सास पायो ॥

छत्तिस सालको जनमत छयालीस आन्दोलन ।
शाही सरकारले दमन गर्दा धेरै गया ज्यान ॥

दश वर्षका माओवादी तीन वर्षका दल ।
उन्नाईस दिनमा प्रजातन्त्र जनताको पहल ॥

तीस वर्षको पंचायतिकाल जन्ताले दुःख पाए ।
विकास निर्माण केही भएन पैसा जति खाए ॥

त्रिसठ्ठीको लोकतन्त्रले राजालाई हटायो ।
जनताको संविधान गर्न चुनाव गरायो ॥

आन्दोलनमा निर्दोषमाथि गोली चलायाको ।
राजतन्त्रलाई पाप लागि गो जन्ता मरायाको ॥

## दरबार हत्याकाण्ड सम्बन्धी

राजघरमा गोली चल्यो अन्ठाउन्न साल ।
राजा भया स्वर्गेवास जन्ता परे जाल ॥

जेठ मैनाको उन्नाईस गते थियो शुक्रबार ।
राजघरमा गोली चल्यो साह्रै अत्याचार ॥

एउटा मैया दुई राजकुमार दुइटा राजारानी ।
दुश्मन काँबाटी आयो दशै गोली हानी ॥

दश परिवार दरबार मऱ्या एउटा रानी रारा ।
राजा मर्दा जनताका भए हाराबारा ॥

दरबारभित्र गोली चल्यो कसैले नजानी ।
दरबारका कोठा कोठा रगतकी खानी ॥

राजाका परिवार थिया कलीला टुसा झै ।
दुश्मनले मारिदियो थारुका मुसा झैं ॥

## संकटकालका देउडा गीत

राजघरमा गोली चल्यो अन्ठाउन्न साल ।
राजा भया स्वर्गेवास जन्ता परे जाल ॥

जेठ मैनाको उन्नाईस गते थियो शुक्रबार ।
राजघरमा गोली चल्यो साह्रै अत्याचार ॥

एउटा मैया दुई राजकुमार दुइटा राजारानी ।
दुश्मन काँबाटी आयो दशै गोली हानी ॥

दश परिवार दरबार मऱ्या एउटा रानी रारा ।
राजा मर्दा जनताका भए हाराबारा ॥

दरबारभित्र गोली चल्यो कसैले नजा

दरबारका कोठा कोठा रगतकी खानी ॥

राजाका परिवार थिया कलीला टुसा झै ।
दुश्मनले मारिदियो थारुका मुसा झैं ॥

शाही सेनाका गोली गठ्ठा माओवादीका गोला ।
दुवै तर्फ मर्न लागे जन्ता कति होला ॥

गरिव दुःखी सहदै छन् धनिले भाग्दैछन् ।
नेपालको जनसंख्या घटाउन लाग्दैछन् ॥

कसैका हात खुट्टा भाँचे कस्कै फुटे खोरा ।
कस्कै रुँदा बाबुआमा कस्कै रुँदा छोरा ॥

एक पाटीमा दाजु गयो एक पाटी भाइ गयो ।
एकै घरका दाजु भाइको नहुनु आइगयो ॥

काग गिद्ध अघान लागे जनताका मासुले ।
नेपाल धर्ती भिज्न लाग्यो रगत र आँसुले ॥

## प्रश्नोत्तर

प्रश्न : आगोको कलेजो क्या हो ? पानीको हाड क्या हो ?
स्वर्गको लिसनु क्या हो ? धर्तीको बार क्या हो ?

उत्तर : आगोको कलेजो कोइला, पानीको हाड ठाँडो ।
स्वर्ग लिस्नु इन्द्रायणी, धर्तीको बाँर कुइडो ॥

प्रश्न : धगरी गौड्ँया भेट भयो सौराइ लाग्या बडी
पन्ध्र शिर उन्नतीस आँखा कैका थिया अघि ॥

उत्तर : दशै टाउका रावणका चार कपाल बर्माका ।
एकै आँखो कुवेरको आआफ्ना कर्मका ॥